# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६१ | काठमाडौं | बिहीबार, १५ असोज २०८३ | Prabhab National Daily | Thursday, 01 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कानुन समितिमा सांसदबीच चर्काचर्की, एमाले सांसदद्वारा बैठक बहिष्कार



- हिरासतमा रहेका थुनुवा एवं कैदीबन्दीको मानवअधिकारको अवस्थासम्बन्धी निरीक्षण तथाअवलोकनउपसमितिको प्रतिवेदनमाथि छलफल गर्न आयाजित समितिको बैठकमा सांसदहरूबीच विवाद
- व्यक्तिगत आरोपप्रत्यारोपमा उत्रँदा मुख्य विषय ओझेलमा
- जेन-जी आन्दोलनका घटनालाई लिएर सांसदहरूबीच पटक-पटक विवाद

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठकमा बुधबार सांसदहरूबीच चर्काचर्की भएको छ । बैठकमा बोल्ने समय र समितिको सञ्चालनलाई लिएर सुरुमा सभापति समीक्षा बाँस्कोटा र नेपाली कांग्रेसकी सांसद निनु कुमारी कर्णबीच विवाद भयो । त्यसै क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद स्मृति सेञ्चुरी र नेकपा एमालेकी सांसद साजिदा खातुन सिद्धिकीबीच पनि भनाभन भयो । विवादपछि सिद्धिकी बैठकबाट बाहिरिइन् ।

बैठकमा कांग्रेस सांसद कर्णले आफूलाई बोल्ने समय नदिएको भन्दै सभापति बाँस्कोटामाथि आपत्ति जनाएकी थिइन् । उनले समितिको बैठक सञ्चालन गर्ने शैलीमाथि प्रश्न उठाउँदै छलफलका क्रममा आफ्नो नाम लिएर टिप्पणी नगर्न आग्रह गरिन् ।

'तपाईंले समय दिनै पर्दैन, अब किन चाहियो ? जब तपाईंले तरिकाले चलाउनै सक्नुहुन्न भने किन चाहियो,' कर्णले भनेकी थिइन् । आफू प्रतिपक्षमा रहे पनि समितिमा हाबी हुन नभई आफ्नो कुरा राख्न आएको कर्णको भनाइ थियो ।

क्रमशः पृष्ठ २ मा

### जेन-जी थुनुवा छाड्न सिफारिस

जेन-जी आन्दोलनका क्रममा पक्राउ परी पुर्पक्षका लागि थुनामा रहेका व्यक्तिको मुद्दा फिर्ता लिएर थुनामुक्त गर्न प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिअन्तर्गतको उपसमितिले सिफारिस गरेको छ । कारागार तथा हिरासतको अवस्था अध्ययन गर्न गठित उपसमितिले बुधबार समितिलाई बुझाएको प्रतिवेदनमा यस्तो सिफारिस गरेको हो । उपसमितिले कारागार र हिरासतको अवस्थासँगै आन्दोलनका क्रममा पक्राउ परेकाहरूको कानुनी अवस्थालाई समेत अध्ययन गरेको जनाएको छ ।

प्रतिवेदनले आन्दोलनमा सहभागी भएकै आधारमा सबैलाई एउटै दृष्टिले हेर्न नहुने धारणा अघि सारेको छ ।

क्रमशः पृष्ठ २ मा

कांग्रेसको क्षेत्रीय अधिवेशन

# केन्द्रीय सदस्यदेखि पूर्वमन्त्री महाधिवेशन प्रतिनिधिमै पराजित

- पुसमा भएको विशेष महाधिवेशनमा बन्दसत्रको अध्यक्षता गरेका नेता श्यामकुमार खड्का महाधिवेशन प्रतिनिधिमा पराजित
- पूर्वमन्त्री तारिणीदत्त चटौत पनि महाधिवेशन प्रतिनिधिमा पराजित
- वडा सदस्यसँग कांग्रेस केन्द्रीय सदस्य गंगा सुनार महाधिवेशन प्रतिनिधिमा पराजित



श्यामकुमार खड्का



तारिणीदत्त चटौत



गंगा सुनार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत क्षेत्रीय अधिवेशन तथा महाधिवेशन प्रतिनिधि चयनका लागि निर्वाचन भइरहेका छन् । यसक्रममा कांग्रेस केन्द्रीय सदस्य गंगा सुनार काठमाडौं क्षेत्र नम्बर ५ बाट महाधिवेशन प्रतिनिधिमा पराजित भएकी छन् ।

दलित क्लस्टरतर्फ उम्मेदवार रहेकी उनलाई मेनुका भुसालले हराएकी हुन् । भुसाल बूढानीलकण्ठ नगरपालिका-६ की वडा सदस्य हुन् । सुनार गत पुसमा भएको विशेष महाधिवेशनबाट नेपाली कांग्रेसको केन्द्रीय सदस्य बनेकी थिइन् ।

विशेष महाधिवेशनबाट कांग्रेसले संशोधन गरेको विधानअनुसार महाधिवेशनमा सहभागी हुन केन्द्रीय सदस्यसहितका नेताहरू पनि




सम्बन्धित क्षेत्रबाट महाधिवेशन प्रतिनिधिका रूपमा निर्वाचित हुनुपर्ने व्यवस्था छ ।

यसैगरी पुसमा भएको विशेष महाधिवेशनमा बन्दसत्रको अध्यक्षता गरेका नेता श्यामकुमार खड्का पनि काठमाडौं-५ बाट महाधिवेशन प्रतिनिधिमा पराजित भएका छन् । प्रजातन्त्र सेनानी-सहिद परिवार-द्वन्द्व प्रभावित कोटाबाट महाधिवेशन प्रतिनिधिमा चुनावी प्रतिस्पर्धामा उत्रिएका खड्का ठाकुरप्रसाद पुडासैनीसँग पराजित भएका हुन् । १३२ मतसहित पुडासैनी महाधिवेशन प्रतिनिधिमा निर्वाचित हुँदा खड्काले १०१ मतमात्रै ल्याउन सके । एक जनाको कोटामा पाँच जनाबीच भएको प्रतिस्पर्धामा खड्काले दोस्रो बढी मत ल्याएका हुन् ।

यता पूर्वमन्त्री तारिणीदत्त चटौत पनि महाधिवेशन प्रतिनिधिमा पराजित भएका छन् । कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर ३ को कांग्रेस क्षेत्रीय अधिवेशनमा नेता चटौत पुरुष खुलातर्फ महाधिवेशन प्रतिनिधिको निर्वाचन लडेका थिए ।

### शेखरको क्षेत्रमा लफडा, सहमहामन्त्री संग्रौलामाथि हातपात

नेता डा. शेखर कोइरालाको चुनावी क्षेत्र मोरङ-६ को क्षेत्रीय अधिवेशनका क्रममा बुधबार संस्थापन र इतर समूहका कार्यकर्ताबीच झडप भएको छ । सुन्दरहरैंचामा आयोजित अधिवेशनमा क्रियाशील सदस्यताको विषयलाई लिएर तोडफोड र कुटपिट भएको हो । झडपका क्रममा कांग्रेस सहमहामन्त्री डा. डिला संग्रौलामाथि समेत हातपात र दुर्व्यवहार भएको छ ।

क्रमशः पृष्ठ २ मा

### देउवा समूहको वडा अधिवेशन आजदेखि



**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहको वडा अधिवेशन आजदेखि सुरु हुँदै छ । विशेष महाधिवेशनबाट सभापति बनेका गगन थापाको नेतृत्वलाई अस्वीकार गर्दै देउवा समूहले बेग्लै अधिवेशन सुरु गर्न लागेको हो ।

देउवा समूहको अधिवेशनको संयोजक डा. शशांक कोइरालाले कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत बिहीबार हुन लागेको वडा अधिवेशन पार्टीको संगठनात्मक जीवन र लोकतान्त्रिक अभ्यासका दृष्टिले महत्त्वपूर्ण चरण भएको बताएका छन् ।

'कांग्रेसको वडा अधिवेशन पार्टीको संगठनात्मक जीवन र लोकतान्त्रिक अभ्यासको दृष्टिले महत्त्वपूर्ण चरण हो । यस अवसरमा नेपाली कांग्रेसका सम्पूर्ण नेता, कार्यकर्ता तथा क्रियाशील सदस्यहरूलाई उच्च उत्साह, जिम्मेवारी र सक्रियताका साथ वडा अधिवेशनमा सहभागी हुन हार्दिक अनुरोध छ,' कोइरालाले बुधबार विज्ञप्ति जारी गर्दै भनेका छन् । कोइरालाले वडा अधिवेशन केवल नेतृत्व चयन गर्ने प्रक्रियामात्र होइन, पार्टीको संगठनलाई नयाँ ऊर्जा दिने,

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

'सिण्डिकेट' विरुद्ध सरकारको पहल

# एफडब्ल्युसिएमएसबाट २७५ संस्थालाई हटाउन मलेसियालाई पत्राचार, सूचीकृत संस्थामाथि कारबाही तीव्र

■ ममता थापा

**काठमाडौं–** सरकारले मलेसियाको विदेशी कामदारको केन्द्रीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मा सूचीकृत नेपालका संस्थाहरूलाई उक्त प्रणालीबाट हटाउन मलेसियालाई औपचारिकरूपमा आग्रह गरेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत सोमबार पत्र पठाउँदै मलेसिया सरकारसमक्ष उक्त आग्रह गरेको हो ।

एफडब्ल्युसिएमएसमा 'प्रिन्सिपल एजेन्सी'का रूपमा सूचीकृत २५ वटा संस्था र ती संस्थाअन्तर्गत काम गर्नेगरी सहायक एजेन्सीका रूपमा सूचीकृत २५० वटा संस्थालाई प्रणालीबाट हटाउन पत्र पठाइएको मन्त्रालयकी सहसचिव तथा प्रवक्ता मीरा आचार्यले बताइन् ।

ती संस्थाका सञ्चालकहरूले एफडब्ल्युसिएमएसमा आफूलाई कसरी राखियो भन्ने कुनै जानकारी नभएको बताउँदै त्यसबाट निस्कन चाहेको स्पष्टीकरण दिएका आधारमा मलेसियालाई पत्र पठाइएको प्रवक्ता आचार्यले जानकारी दिइन् । 'सम्बन्धित एजेन्सीहरूले उक्त प्रणालीबाट हामी बाहिर निस्किन चाहन्छौं, कूटनीतिक पहल गरी हटाइदिनु भनेर हामीलाई निवेदन दिनुभएको थियो,' आचार्यले भनिन्, 'त्यो निवेदन सम्बन्धित देशमा पठाउने प्रयोजनका लागि परराष्ट्र मन्त्रालयलाई सोमबार पत्राचार गरेको हो ।'






सम्बन्धित एजेन्सीहरूले एफडब्ल्युसिएमएसबाट हामी बाहिर निस्किन चाहन्छौं, कूटनीतिक पहल गरी हटाइदिनु भनेर हामीलाई निवेदन दिनुभएको थियो । त्यो निवेदन सम्बन्धित देशमा पठाउने प्रयोजनका लागि परराष्ट्र मन्त्रालयलाई सोमबार पत्राचार गरेको हो ।

**मीरा आचार्य**
प्रवक्ता, श्रम मन्त्रालय

सीमित संस्थालाई मात्रै पहुँच हुने एफडब्ल्युसिएमएस स्वीकार गर्न नसकिने नेपाल सरकारले यसअघि नै प्रस्ट पारिसकेको छ । प्रधानमन्त्री वालेन्द्र शाह आफैंले यो विषयमा मलेसियाका समकक्षीसँग असोज ६ गते टेलिफोन वार्ता गरी प्रस्ट अडान राखेका थिए । उनले नेपालको कानुनविपरीत हुने एकाधिकार (सिण्डिकेट) लागू गर्न नसकिने भएकोले उक्त प्रणाली खारेज गरी साविककै प्रणालीबाट नेपाली श्रमिक लैजाने व्यवस्था गर्न मलेसियाका प्रधानमन्त्रीसँग आग्रह गरेका थिए ।

क्रमशः पृष्ठ २ मा

### कहाँ पुग्यो सूचीकृत संस्थामाथिको कारबाही ?

सरकारले एफडब्ल्युसिएमएसमा सूचीकृत संस्थाहरूमाथिको कारबाहीलाई तीव्रता दिएको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशनबमोजिम वैदेशिक रोजगार विभागले २७५ वटै संस्थामाथि कारबाही अगाडि बढाएको हो । ती संस्थाहरूलाई मलेसियाका लागि श्रम स्वीकृतिमा रोक लगाएर अनुसन्धानका लागि आवश्यक निर्देशन जारी गरिसकेको छ ।

विभागले एफडब्ल्युसिएमएसमा सूचीकृत २५ वटा मूल संस्थालाई पछिल्लो पाँच आर्थिक वर्षको सम्पूर्ण कारोबारको विवरण बुझाउन १५ दिनको समय दिएकोमा बुधबार सकिएको छ । अब प्राप्त विवरणमाथि अध्ययन गरेपछि आवश्यक निर्णय लिइने विभागका महानिर्देशक नवराज ढकालले बताए । अनुसन्धानका लागि विस्तृत विवरणहरू माग गरिएकाले अध्ययनमा केही दिन लाग्ने उनको भनाइ छ ।

'१५ दिन पुगेको छ । पहिला प्राप्त विवरणको अध्ययन गर्छौं । ठूला




विवरणहरू मागिएकाले त्यसको अध्ययनका लागि केही दिन लाग्छ,' महानिर्देशक ढकालले भने, 'त्यसपछि बाँकी कारबाही अघि बढ्छ । प्रचलित वैदेशिक रोजगार ऐन, नियमावली र आवश्यक परे अन्य प्रचलित ऐनबमोजिम पनि गर्न सक्छौं ।'

विभागले सहायक एजेन्सीका रूपमा सूचीकृत २५० व्यवसायीलाई पनि एफडब्ल्युसिएमएसबाट सात दिनभित्र नाम फिर्ता लिन निर्देशन दिइसकेको छ । सोमबार पत्राचार गर्दै विभागले आधिकारिकरूपमा एफडब्ल्युसिएमएसबाट नाम हटाउन पत्राचार गरेर त्यसको विवरण विभागलाई समेत दिन भनेको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले एकाधिकार भित्र्याउने प्रक्रियामा संलग्न व्यवसायीहरूमाथि कारबाहीका लागि सरकारले चालेको कदमको स्वागत गरेको छ । यसले चाँडै निकास दिने अपेक्षा संघको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## केन्द्रीय सदस्यदेखि...

यस्तै, कुटपिटबाट पार्टीका क्षेत्रीय कार्यवाहक सभापति एवं पूर्वसांसद चुमनारायण तबदार र नेता चेतराज रेग्मीलगायत घाइते भएका छन् । घाइते नेता-कार्यकर्ताहरूको विराटनगरस्थित नोबेल मेडिकल कलेजमा भर्ना गरिएको छ । बुधबार उम्मेदवारी मनोनयनको कार्यसूची तय गरिएकोमा अधिवेशनको औपचारिक उद्घाटनअघि नै असन्तुष्ट समूहले मञ्च र हलमा तोडफोड सुरु गरेका थिए । विवाद बढ्दै गएपछि नेताहरूबीच नै कुर्सी हानाहान र हातपात भएको थियो ।

संस्थापनपक्षले डा. कोइराला निकट कार्यकर्ताहरूले योजनाबद्ध रूपमा अधिवेशन बिथोल्न आक्रमण र तोडफोड गरेको आरोप लगाएको छ । यसअघि क्षेत्रीय सभापतिको जिम्मेवारीमा रहेका कोइरालापक्षीय नेता देवराज तामाङले असहयोग गरेको भन्दै नेतृत्वले पूर्वसांसद तबदारलाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर अधिवेशनको प्रक्रिया अघि बढाएको थियो ।

## देउवा समूहको...

कार्यकर्ताबीचको एकतालाई थप मजबुत बनाउने र नेपाली कांग्रेसलाई जनताको भरोसाको पार्टीका रूपमा अझ सशक्त बनाउने महत्त्वपूर्ण अवसर भएको बताए ।

### निर्वाचन आयोगलाई जानकारी

देउवा समूहले पार्टीको १५औं महाधिवेशनबारे निर्वाचन आयोगलाई जानकारी गराएको छ । संस्थापनपक्षले बढाएको महाधिवेशनको प्रक्रियालाई अस्वीकार गर्दै समानान्तर महाधिवेशनको तयारी थालेको सो समूहले आयोगलाई बुधबार जानकारी गराएको हो । आफूहरूले पार्टीको महाधिवेशनबारे कार्यतालिकासहित आयोगलाई जानकारी गराएको नेता एनपी साउदले बताए । 'हाम्रो महाधिवेशनको सम्पूर्ण तयारी पूरा भएर केन्द्रीय प्रतिनिधि, संयोजक र निर्वाचन अधिकृत जिल्ला जिल्लामा खटिसक्नुभएको छ । बिहीबारदेखि देशभर वडा अधिवेशन सुरु हुँदै छ । यसबारे हामीले आयोगलाई जानकारी गराइसकेका छौं,' साउदले भने ।

देउवा समूहले २० गते गाउँ तथा नगरपालिका अधिवेशन, २३ गते प्रदेशसभा तथा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन, कात्तिक १५ गते जिल्ला अधिवेशन र मंसिर ४ गते प्रदेश अधिवेशन गर्ने तालिका छ । यो समूहको महाधिवेशन मंसिर २१ देखि हुँदै छ । संस्थापनपक्षले भने असोज १८ गते महाधिवेशनको उद्घाटन गर्दै छ ।

### शेखरनिकट नेताहरू देउवा समूहको अधिवेशनमा सहभागी हुँदै

कांग्रेसमा छुट्टै विचार समूहको नेतृत्व गर्दै आएका नेता डा. शेखर कोइरालानिकट नेता-कार्यकर्ताहरू देउवा समूहले आयोजना गर्न लागेको अधिवेशनमा सहभागी हुने भएका छन् । कोइराला स्वयं भने अधिवेशन प्रक्रियामा तटस्थ रहने भए पनि उनीनिकट नेता-कार्यकर्ताहरूले व्यक्तिगत निर्णयका आधारमा अधिवेशनमा सहभागिता जनाउने तयारी गरेका हुन् । यद्यपि शेखरनिकट नेताहरू संस्थापन समूहको महाधिवेशनमा पनि सहभागी हुँदै छन् ।

कोइरालाका स्वकीय सचिव दिनेशचन्द्र थपलियाले कोइरालानिकट नेता-कार्यकर्ताहरू बिहीबारदेखि सुरु हुने वडा अधिवेशनमा सहभागी हुने जानकारी दिएका छन् । उनका अनुसार अघिल्लो अधिवेशनमा पनि केही नेता-कार्यकर्ताले समूहगत निर्णयभन्दा व्यक्तिगत विवेकका आधारमा सहभागिता जनाएका थिए । यसपटक पनि त्यही आधारमा केही नेता-कार्यकर्ता अधिवेशन प्रक्रियामा सहभागी हुने उनले बताएका छन् । शेखरनिकट नेता सञ्जयकुमार गौतमले पनि देउवा समूहको महाधिवेशन प्रक्रियामा सहभागी हुनेहरूलाई आफूहरूले नरोक्ने बताए ।

## कानुन समितिमा...

उनले सांसदहरूलाई बोल्न नदिएको आरोप लगाउँदै समितिको छलफल व्यक्तिगत विवादतर्फ जान नहुने बताइन् । जेन-जी आन्दोलन, कैदीबन्दीलगायतका विषयमा आफ्नो नाम लिएर टिप्पणी नगर्न पनि उनले आग्रह गरिन् । त्यसपछि सभापति बाँस्कोटाले सांसदहरूलाई एकअर्कामाथि आरोप-प्रत्यारोप नगर्न आग्रह गरिन् । बैठकमा सञ्चारकर्मी उपस्थित भएकाले सांसदहरूबीचको विवाद बाहिर नकारात्मक रूपमा जाने भन्दै उनले संयमित हुन आग्रह गरिन् । बाँस्कोटाले आफूले सांसदहरूलाई पटक-पटक समय दिइरहेको भन्दै पालो नआउँदै नबोल्न आग्रह गरिन् । उनले भनिन्, 'माननीयज्यू, एकछिन सुन्नुस् । मैले समय दिएको छैन ।'

यसैबीच, बैठकमा रास्वपा सांसद सेञ्चुरी र एमाले सांसद सिद्धिकीबीच पनि भनाभन भयो । सेञ्चुरीले गत वर्षको जेन-जी आन्दोलनका क्रममा गोली चलाउनेहरूमाथि कारबाही हुनुपर्ने विषय उठाउँदै केही युवा अझै जेलमा रहेको बताइन् । उनले भनिन्, 'गत वर्ष भदौ २३ गते गोली चलाउने ती बच्चाहरूमाथि नै डचाङ-डचाङ गोली ताक्नेहरू अहिले ठूला भाषण गर्दै यो देश चलाउने मैले नै हो, मेरो बागडोर हो भनेर हिँडिरहेका छन् । अनुहारमात्रै देखेको छ, उनीहरू थुनामा हुनुपर्छ भनेपछि यो कहाँसम्मको मानवअधिकार हो ? कहाँसम्मको न्याय हो ? यो हुनु हुँदैन ।'

सेञ्चुरीको भनाइप्रति सिद्धिकीले आपत्ति जनाइन् । आफूलाई व्यक्तिगतरूपमा लक्षित गरेर बहस गरिएको भन्दै उनले असन्तुष्टि जनाइन् । 'अब हामी नबोल्ने, किनभने तपाईंहरूले जे पनि निर्णय गर्दा व्यक्ति व्यक्तिको नाम लिएर तपाईंहरूको बहस हो यो ? तपाईंसँग गर्नुपर्ने के मसँग गर्ने होइन नि । जेन-जी आन्दोलनको होस् या कैदीबन्दीको होस् अथवा अर्को सवाल होस्, मेरो नाम लिने होइन नि,' उनले भनिन् । सभापति बाँस्कोटाले बैठकमा बस्न आग्रह गरे पनि सिद्धिकी बाहिरिइन् । बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले समितिमा सांसदहरूले आफ्ना धारणा सभापतिमार्फत राख्नुपर्ने बताइन् । 'मेरो नाम लिएर बोल्ने भनेको उहाँलाई कसले अधिकार दियो ? माननीयले राख्ने कुरा भनेको सभापतिमार्फत हो नि त । सभापतिलाई सुनाउनुपर्‍यो के,' उनले भनिन् ।

सिद्धिकीले समितिमा एमाले र एमाले अध्यक्ष केपी शर्मा ओलीलाई निरन्तर आलोचना गर्ने गरिएको दाबी गर्दै सरकारका कामकारबाहीबारे पनि समीक्षा हुनुपर्ने बताइन् । 'सदैव एमालेलाई हैन, केपीलाई गाली गर्ने, सदनमा पनि त्यही भइरहेको छ, समितिमा पनि त्यही भइरहेको छ, बाहिर पनि त्यही भइरहेको छ,' उनले भनिन् ।

सरकारका कामकारबाहीबारे प्रश्न उठाउँदै उनले थपिन्, 'त्यसो हो भने तपाईंले आफ्ना प्रधानमन्त्रीको बायोडाटा हेर्नुस् । सभापति रविजीको ब्याकग्राउण्ड हेर्नुस् । तपाईंकै सरकार हुँदाहुँदै मधेसमा भएको काण्डको समीक्षा गर्नुस् । तपाईंकै सरकार हुँदाहुँदै अहिले डिजास्टर म्यानेजमेन्ट गर्न नसकेको सवालमा हेर्नुस् । तपाईंकै सरकार हुँदाहुँदै बच्चीहरू अपहरणमा परेर बलात्कृत भएर मारिएका घटना हेर्नुस् ।'

जेन-जी आन्दोलनका क्रममा दोषी र निर्दोषलाई एउटै ढंगले व्यवहार गर्न नहुने उनको धारणा थियो । 'जेन-जी आन्दोलनका लागि आएर अपराध गरिरहेका मानिसहरू जेल जानुपर्छ भन्ने सबैको मान्यता हो । तर जेन-जी आन्दोलनमा निष्पक्ष भएका बच्चाहरू, जो फसाइएका छन्, जो केही थाहा नभएर बाहिर आउनुभयो, उहाँहरूलाई छोड्नुपर्छ भन्ने हाम्रो माग हो,' सिद्धिकीले भनिन् । आन्दोलनका नाममा भएका गम्भीर अपराधमा उन्मुक्ति दिन नहुने पनि उनले बताइन् ।

यसैबीच, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)की सांसद बलावती शर्माले पनि जेन-जी आन्दोलन र विगतको जनयुद्धको प्रसंग उठाइन् । उनले भनिन्, 'माओवादीले लडेको जनयुद्धमा गोली खाएको र सहिद भएको कारण यहाँ आएर बहस गर्ने भएका छौं । नभए हामी कुन कुनामा हुने थियौं । त्यो कुरालाई स्वीकार्नुहोस् । जेन-जी आन्दोलन दुई दिन भएको थियो । त्यसको उपलब्धि के छ ? सत्तामा जानेबाहेक त छैन नि त । २४ गते गम्भीर प्रकृतिका अपराध गर्नेलाई छोड्नु हुँदैन ।' सभापति बाँस्कोटाले शर्माले असान्दर्भिक विषय उठाएको भन्दै विषयबाहिर नबोल्न आग्रह गरिन् । तर शर्मा रोकिइनन् । त्यसपछि सभापतिले रास्वपाकै सांसद अपसना बानुलाई बोल्ने समय दिइन् ।

बुधबार सिंहदरबारमा बसेको समितिको बैठकमा विभिन्न कारागार तथा हिरासतमा रहेका थुनुवा एवं कैदीबन्दीको मानवअधिकारको अवस्थासम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिको प्रतिवेदन, २०८३ माथि छलफल भइरहेको थियो । बैठकमा बोल्ने समय, व्यक्तिगत आरोपप्रत्यारोप र जेन-जी आन्दोलनका घटनालाई लिएर सांसदहरूबीच पटक-पटक विवाद देखिएको हो ।

## जेन-जी...

पुर्पक्षका लागि थुनामा रहेकामध्ये गम्भीर प्रकृतिको अपराधमा संलग्न नभएकाहरूको मुद्दा फिर्ता लिएर थुनामुक्त गर्न उपसमितिले सिफारिस गरेको हो ।

तर गम्भीर अपराधमा संलग्न भएकाहरूलाई भने मुद्दा फिर्ता लिएर उन्मुक्ति दिन नहुने प्रतिवेदनको आशय छ । यसले आन्दोलनमा सहभागी र आपराधिक गतिविधिमा संलग्न व्यक्तिबीच कानुनीरूपमा फरक व्यवहार गर्नुपर्ने विषय उठाएको छ ।

अब उपसमितिको सिफारिस समितिको छलफलको विषय बनेको छ । प्रतिवेदनमाथि छलफल गरेपछि सरकारलाई आवश्यक निर्देशन दिने वा नदिनेबारे समितिले निर्णय गर्ने छ ।

## एफडब्ल्युसिएमएसबाट...

जवाफमा मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले पनि आफू कुनै प्रकारको एकाधिकार र बिचौलियाको विरुद्धमा रहेको बताएका थिए । उनले तत्काल विभागीय मन्त्रीलाई समस्या समाधानका लागि पहल गर्न निर्देशन दिने प्रतिबद्धता जनाएका थिए ।

प्रधानमन्त्री तहको उक्त वार्ताको दुई दिनपछि असोज ८ गते श्रममन्त्री रामजी यादव र मलेसियाका समकक्षीबीच टेलिफोन वार्ता भएको थियो । मलेसियाका मानव संसाधनमन्त्री दातुक सेरी रामानन रामाकृष्णननसँगको उक्त वार्तामा श्रममन्त्री यादवले नेपालका इजाजतपत्र प्राप्त सबै संस्थालाई एफडब्ल्युसिएमएसमा समावेश गर्न आग्रह गरेका थिए । उनले पनि सीमित व्यवसायीलाई मात्र अवसर हुने प्रणाली स्वीकार्य नहुने बताएका थिए । मलेसियाका मानव संसाधनमन्त्री रामाननले मलेसिया सरकारले नेपालसँगको श्रम सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको र सुरक्षित, मर्यादित र पारदर्शी श्रम आप्रवासनका पक्षमा रहेको बताएका थिए । मलेसिया सरकारले हाल लागू गरिएको प्रणालीले नेपालमा विकसित अवस्था र नेपालको अनुरोधलाई उच्च प्राथमिकतामा छलफलमा राख्ने उनले बताएका थिए ।

प्रधानमन्त्री र मन्त्रीस्तरको ती वार्ताहरूले समस्या समाधानको आशा जगाए पनि मलेसियाको तर्फबाट कुनै औपचारिक निर्णय आएको छैन । यहीबीचमा नेपाल सरकारको तर्फबाट श्रम मन्त्रालयले सूचीकृत संस्थाहरूलाई एफडब्ल्युसिएमएसबाट हटाउन पत्र पठाएको हो । उता मलेसियाको मानव संसाधन मन्त्रालयले भने एफडब्ल्युसिएमएसमा सूचीकृत संस्थाहरूबाट मात्र श्रमिक भर्ती गर्न भन्दै सूचना जारी गरेको छ । यसले मलेसिया आफ्नै प्रतिबद्धताविपरीत एफडब्ल्युसिएमएस लागू गर्ने अडानमा कायम रहेको बुझिन्छ ।

## कहाँ पुग्यो...

'नेपाल सरकारले सिण्डिकेटको विरुद्धमा लिनपर्ने स्टचाण्ड लिएर कानुनी प्रक्रियाहरू अगाडि बढाइरहेको छ,' संघका महासचिव हिराबहादुर डाँगीले भने, 'केही समयमा यो विषय टुंगिएर सबै व्यवसायीले स्वस्थ प्रतिस्पर्धा गर्ने वातावरण बन्छ ।'

सिण्डिकेट प्रकरणले मलेसिया रोजगारी प्रभावित भएको एक महिनाभन्दा बढी भइसकेको छ । मलेसियाले अगस्ट २१ मा एफडब्ल्युसिएमएसबाट उक्त मुलुकमा श्रमिक पठाउँदै आएका नेपालका सबै संस्थालाई हटाएर २५ वटालाई मात्र सूचीमा राखेको थियो । त्यसपछि भदौ २४ मा २५ व्यवसायीले थप २५० व्यवसायीलाई प्रणालीमा समावेश गरेका थिए । इजाजतपत्र प्राप्त सबै व्यवसायीले काम गर्न पाउनुपर्ने भन्दै बाँकी व्यवसायीहरू निरन्तर विरोधमा छन् । यही प्रकरणले गर्दा नेपालीहरूको प्रमुख रोजगार गन्तव्यको रूपमा रहेको मलेसियामा रोजगारीमा जानेहरूको संख्या घटेको विभागको तथ्यांकले देखाउँछ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०९/१७ मा दर्ता भएको **प्रा. लि. नं. १८०५९१** को **स्टेप अप हस्पिटालिटी म्यानेजमेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०८/२७ मा दर्ता भएको प्रा.लि.नं. ८८७०३ को **ब्लोसम रेष्टुरेण्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०५/१८ मा दर्ता भएको **प्रा. लि. नं. ३५१५७३** को **मन्सुर रेडिमेड गार्मेन्टस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **J.P Overseas Pvt. Ltd.** (ई.प.नं. १२५७/०७४/०७५) मा कार्यरत **रामलखन साह** (नागरिकता नं.७२७७३९३९) ले आ-आफ्नो व्यक्तिगत काम विशेषका कारण देखाउँदै राजीनामा दिइसक्नु भएकोले मिति २०८३/०६/१४ गतेदेखि लागू हुनेगरी यस कार्यालयबाट निजद्वय कर्मचारीहरू हटाइएको हुँदा निज व्यक्तिहरूमार्फत् यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निज व्यक्तिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले **७ (सात) दिन**भित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**J.P. Overseas Pvt. Ltd.**
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-449085
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com
श्रम ईजाजत नं. १२५७/०७४/०७५

---

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
थानकोट शाखा, चन्द्रागिरी नगरपालिका, काठमाडौं
सम्पर्क फोन: ९७७-०१-४३१२२०४/४३१२५९८/४३११२३२

NIC ASIA
एन आई सी एशिया बैंक लि.

## निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री हर्क बहादुर बलको नाति, पदम सिंह बलको छोरा, बागमती प्रदेश मकवानपुर जिल्ला, थाहा नगरपालिका वडा नं. ९ हाल थानकोट-०८ बस्ने ४२ वर्षको श्री ओम बहादुर बलको मिति २०८२/०४/१७ (ई.सं. ०२/०८/२०२५) मा मृत्यु भएकोले स्व. ओम बहादुर बलकी पत्नी हाल चन्द्रागिरी - ०४ बस्ने श्रीमती कमला तामाङले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको थानकोट शाखा, चन्द्रागिरी नगरपालिका, काठमाडौंमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

---

## श्री नेपाल बोर्डस लिमिटेड
### वार्षिक साधारणसभा सम्बन्धी सूचना

मिति २०८३।०५।२५ को संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको अट्ठाईसौं, उनान्तीसौं, तीसौं र एकतीसौं वार्षिक साधारण सभा मिति २०८३ असोज २२ गते, विहान ११:०० बजे, कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौंमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**छलफलका प्रस्तावहरु:**

क. साधारण प्रस्तावहरु:

१. आ.व. २०७८।७९, २०७९।८०, २०८०।८१ र २०८१।०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको लेखा परिक्षण गरिएको आ.व. २०७८।७९, २०७९।८०, २०८०।८१ र २०८१।०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८२।८३ का लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
४. आ.व २०७८।७९, २०७९।८०, २०८०।८१ र २०८१।०८२ को दफा ७८ सम्बन्धमा ।
५. संचालक समिति सम्बन्धमा ।

ख. विविध ।

**सञ्चालक समितिको आज्ञाले**

---

MANJUSHREE FINANCE LIMITED
**मञ्जुश्री फाईनान्स लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं**
**जि.पि.ओ. बक्सः २३१७०**
**फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७**
**Web: www.manjushreefinance.com.np**
**Email: info@manjushreefinance.com.np**

## कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/१५**

यस वित्तीय संस्थाको विभिन्न शाखा कर्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिँदा गरिदिनु भएको लिखत र कर्जा स्वीकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिँदा जमानी दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८२ को १२(९)को (१)क बमोजिम कर्जा सुचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपशिलः**

| | |
|---|---|
| **१) ऋणीको नाम : नविना श्रेष्ठ**<br>बाबु : नबराज श्रेष्ठ<br>पति : अनिष राज तुलाधर<br>ना.प्र.नं.: २४१०१८/१९२८३<br>जारी मिति : २०६६/०५/०८, जि.प्र.का.: सिन्धुपाल्चोक<br>प्रथम प्रतिलिपिः २०६६/०५/०८<br>ठेगाना : सिन्धुपाल्चोक जिल्ला तौथली गा.वि.स वडा नं. ०१ को परिवर्तित त्रिपुरा सुन्दारी गा.पा. वडा नं. ०५<br>**कर्जाको प्रकार : प्रोफेशनल आवधिक कर्जा** | **व्यक्तिगत जमानिकर्ता : अनिष राज तुलाधर**<br>बाबु : अशोक कुमार तुलाधर<br>पती : चक्र बहादुर तुलाधर<br>ना.प्र.नं.: ८९६४०<br>जारी मिति : २०६५/०९/१८, जि.प्र.का.: मोरङ्ग<br>प्रथम प्रतिलिपिः २०७३/०७/३०<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा वडा नं. १२ को परिवर्तित विराटनगर म.न.पा. वडा नं. ०९ |
| **२. क) ऋणीको नाम** : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग कपिलवस्तुमा मिति २०६९/१०/२६ मा प्रा.फ.र.नं. ३४१५/०६९ बाट दर्ता भै स्थायी लेखा नं. ३०५४००११२ रहेको कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०७ मा रजिष्टर्ड ठेगाना भएको **श्री मनोज आर्ट स्पेरे पेन्टर ।**<br>**(प्रोप्राईटर : मनोज कुमार थारु)**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा** | **२. ख) ऋणीको नाम** : प्राइभेट फर्म रजिष्ट्रेशन २०७६ प्रदेश सरकार प्रदेश नं.५उधोग पर्यटन बन तथा वातावरण मन्त्रालय उधोग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निदेशनालय धरेलु तथा साना उधोग कार्यालय कपिलवस्तुमा मिति २०७८/०५/०९ मा प्रा.फ.र.नं. ११२६०/०७८ बाट दर्ता भै स्थायी लेखा नं. ६१६४९१५६४ भएको बुद्धभुमि न.पा. वडा नं.२ कपिलबस्तु रजिष्टर्ड ठेगाना भएको **न्यु बुद्धवाटिका होम डेकोर**<br>**अख्तियार प्राप्त व्यक्ति : राम कुमारी थारु**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा** |
| **प्रोप्राईटर/ व्यक्तिगत जमानिकर्ता : मनोज कुमार थारु**<br>बाबु : बाबुराम थारु<br>बाजे : बुधराम थारु<br>ना.प्र.नं.: ३८२१२५२<br>जारी मिति : २०५५/१०/२६, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ | **प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : रामकुमारी थारु**<br>बाबु : जग्गु थारु<br>पति : मनोज कुमार थारु<br>ना.प्र.नं.: ३/११/६८५१६<br>जारी मिति : २०६२/१०/१८, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ |
| **व्यक्तिगत जमानिकर्ता : सुरसती थारु**<br>बाबु : झगरु थारी<br>पति : बाबुराम थारु<br>ना.प्र.नं.: ३/११/६९१९६<br>जारी मिति : २०६२/११/२५, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ | **व्यक्तिगत जमानिकर्ता : बाबुराम थारु**<br>बाबु : बुधराम थारु<br>बाजे : कल्लु थारु<br>ना.प्र.नं.: २२९८-११७९<br>जारी मिति : २०३३/०८/२५, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ |
| **व्यक्तिगत जमानिकर्ता : शोभा थारु**<br>बाबु : नाथु थारु<br>पति : ज्ञानु प्रसाद थारु<br>ना.प्र.नं.: ३८३०५०/२१<br>जारी मिति : २०६३/१०/०२, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ | **व्यक्तिगत जमानिकर्ता : ज्ञानु प्रसाद थारु**<br>बाबु : बुधराम थारु<br>बाजे : बाबुराम थारु<br>ना.प्र.नं.: १/५७८<br>जारी मिति : २०४९/१०/२१, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ |
| **व्यक्तिगत जमानिकर्ता : सरस्वती दगौरिया थारु**<br>बाबु : चिनका दगौरिया थारु<br>पति : प्रदिप थारु<br>ना.प्र.नं.: ३८-०१-७२-०८७८०<br>जारी मिति : २०७२/१२/२४, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ | **व्यक्तिगत जमानिकर्ता : प्रदिप थारु**<br>बाबु : बाबुराम थारु<br>बाजे : बुधराम थारु<br>ना.प्र.नं.: ३८३०५०/५६<br>जारी मिति : २०६३/१०/०४, जि.प्र.का.: कपिलवस्तु<br>ठेगाना : कपिलवस्तु जिल्ला जयनगर गा.वि.स. वडा नं. ०३ को परिवर्तित बुद्धभूमि न.पा. वडा नं. ०२ |

---

## MRP मूल्य सूची

**Akash International** द्वारा बिक्री वितरण गर्दै आएका निम्न विवरणका मालवस्तुहरूको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | पैठारीकर्ताका नाम, ठेगाना | स्थायी लेखा नंबर | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Akash International | 600413549 | Upright Display Showcase | ELANPRO | ECG1075 | 1075 lt | 2,04,400/- | |
| 2. | Akash International | 600413549 | Upright Display Showcase | ELANPRO | ECG775 | 775 lt | 1,56,000/- | |

**Akash International** | Kuleshwor, Kathmandu, Nepal, Phone No. : 01-4302480

---

## ब्लाक हर्ष इण्डष्ट्रिज प्रा.लि. को क्षमता वृद्धि तथा सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा बागमती प्रदेश, तारकेश्वर नगरपालिका वडा नं. ७, काठमाडौं, कित्ता नं ८६,८९,९० मा अवस्थित श्री ब्लाक हर्ष इण्डष्ट्रिज प्रा. लि (जुत्ता चप्पल उत्पादन गर्ने), उद्योगको क्षमता वृद्धि तथा सञ्चालन गर्न लागिएको हुँदा बागमती प्रदेशको वातावरण संरक्षण ऐन, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने क्रममा स्थानीय वासिन्दा, स्थानीय जनप्रतिनिधि, संघरसंस्थाका प्रतिनिधिहरु तथा सम्पूर्ण सरोकारवाला व्यक्तिहरु र प्रस्तावक संस्थाको प्रतिनिधिबीच प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बारे सार्वजनिक सुनुवाई निम्न मिति, स्थान र समयमा हुने भएकाले सम्बन्धित सबै महानुभावहरुको उपास्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**प्रथम प्रकाशित मितिः २०८३/०६/१५**

| सार्वजनिक सुनुवाई हुने मिति, स्थान र समय | आयोजक |
|---|---|
| मितिः २०८३/०६/२३ शुक्रबार<br>स्थानः ब्लाक हर्ष इण्डष्ट्रिजको सभाहाल, तारकेश्वर नगरपालिका वडा नं. ७<br>समयः बिहान ११:०० बजे | ब्लाक हर्ष इण्डष्ट्रिज<br>ठेगानाः तारकेश्वर नगरपालिका-७, काठमाडौं, बागमती प्रदेश, नेपाल<br>सम्पर्क नं. ९८५१३२२९९२०<br>ईमेलः blackhorseshoe@gmali.com |

# सरकारी विज्ञापनमा विभेदविरुद्धको फैसला कार्यान्वयनको माग गर्दै निवेदन दर्ता

**काठमाडौं–** सरकारी विज्ञापनमा निजी सञ्चारमाध्यमलाई विभेद नगर्न सर्वोच्च अदालतले दिएको परमादेश कार्यान्वयन नभएको भन्दै फैसला कार्यान्वयन निर्देशनालयमा निवेदन दायर भएको छ ।

सर्वोच्च अदालतको असार ३० गतेको फैसला कार्यान्वयनको माग गर्दै अधिवक्ता अनन्तराज लुईंटेलले फैसला कार्यान्वयन निर्देशनालयमा सोमबार निवेदन दायर गरेका हुन् । हालसम्म पनि फैसला कार्यान्वयन गर्न सरकारीपक्षले आनाकानी गरेको दाबी निवेदनमा गरिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले सरकारी विज्ञापनमा विभेद गर्न नपाइने भन्दै गत चैत १८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले बदर गरेपछिसमेत फैसलाको कार्यान्वयन हुन नसकेको दाबीसहित निवेदन दायर भएको हो ।

उक्त फैसलाको पूर्णपाठमा भनिएको छ, 'सरकारले सार्वजनिक तथा निजी सञ्चारमाध्यमलाई विभेदपूर्ण व्यवहार गर्न, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रसारण गर्दा भेदभाव नगरी व्यवहार गर्न मिल्ने कानुनी व्यवस्था नियमन गर्ने ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा प्रतिकूल असर गर्नेगरी प्रत्यर्थीबाट मिति २०८२/१२/१८ को निर्णयलाई संविधान र कानुनअनुकूलको




मान्न मिलेन । तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवबाट मिति २०८२/१२/१८ को विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकोले नेपालको संविधानको धारा १३३(२)र(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।'

चैत १८ को विभेदकारी निर्णय तथा परिपत्र बदरको माग गर्दै अधिवक्ता लुईंटेलले सर्वोच्च अदालतमा निवेदन दायर गरेका थिए । चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

## आठ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुख राजीव रिमालसहित आठ जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी मुद्दा दर्ता गरेको छ। उनीहरूले गैरकानुनी लाभ वा हानि गरेको भन्दै बुधबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको हो । आयोगले अदानचुली गाउँपालिकाको कुकुर फाल्ना छहराखेतदेखि मुगु, सोरू गाउँपालिका-३ भिईसम्म बत्ती निर्माणका लागि विनियोजित रकमको काम नगरी नौ लाख २६ हजार रकम हिनामिना गरेर गैरकानुनी लाभ वा हानि गरेको आरोपपत्रमा उल्लेख गरेको छ ।

आयोगले खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका तत्कालीन कार्यालय प्रमुख रिमाल, तत्कालीन सबइञ्जिनियर विश्वराज भण्डारी र तत्कालीन लेखापाल रूनबहादुर सेजुवाल, सोरू गाँउपालिका-३ का तत्कालीन वडाध्यक्ष लालु धामी तथा गल्फागाढ छहराखेत जलविद्युत् आयोजना उपभोक्ता समितिका अध्यक्ष प्रदीप बुढा, सो आयोजनाको उपभोक्ता समितिका उपाध्यक्ष भीमचन्द्र बुढा, समितिका सचिव धनराज बुमी र समितिकी कोषाध्यक्ष लक्ष्मी धामीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो नौ लाख २६ हजार रूपैयाँ कायम गरेर मुद्दा दायर गरेको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

## हिमलुङ हिमपहिरोमा थप तीन जनाको शव भेटियो

**मनाङ–** मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिमलुङ हिमालमा गएको हिमपहिरोमा हराइरहेकामध्ये बुधबार थप तीन जनाको शव भेटिएको छ ।यससँगै यही असोज ११ गते गएको हिमपहिरोमा परी ज्यान गुमाउने आरोहीको संख्या सात पुगेको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

उनका अनुसार गोर्खाको धार्चे गाउँपालिका-२ करौंजाका ५८ वर्षीय आश गुरुङ, खोटाङको ऐसेलुखर्क गाउँपालिका-३ का सुरज राई र रुकुमको हुकामका ५७ वर्षीय कमल बुढाको शव भेटिएको हो । घटनास्थलमा अन्तर्राष्ट्रिय माउन्टेन गाइड (आइएफएमजिए) का पासाङकाजी शेर्पा र विक्रम कार्कीको नेतृत्वमा पाँच जना अनुभवी क्लाइम्बिङ गाइडको विशेष टोली उद्धारमा खटिएको सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । *रासस*

**टुरिष्ट गाइड लाइसेन्स हराएको सूचना**

मिति २०८३/०५/१५ गते तारकेश्वर-४, सेसमति पुलदेखि ठमेलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **टुरिष्ट गाइड लाइसेन्स** हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी दिनु हुन अनुरोध गर्दछु ।

नाम : सुमन तामाङ
ठेगाना : किस्पाङ-१, नुवाकोट
हराएको डकुमेन्ट : ट्रेकिङ गाइड लाइसेन्स
लाइसेन्स नं.२०१५८
हराएको स्थान : काठमाडौं सेसमति पुलदेखि ठमेलसम्म
सम्पर्क नं. : ९८१३२२३१०४

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०६/१२ गते महालक्ष्मी न.पा.७ चाँगाथली (गोपालचोक) स्थित सार्वजनिक स्थलमा पार्किङ गरी राखिएको अवस्थामा रातो/कालो रङ्गको २२० सि.सि.को मोटरसाइकल अन्दाजी दिउँसोको १२:१७ बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनीको नाम : पदमबहादुर राउत
बाइक नं.: बा.प्र.-०२-०७० प ६९३७
च्यासिस नं.: MD2AEX2TCB86536
इन्जिन नं. : DKXCTB01714
ठेगाना : तीनपाटन गा.पा.-९, सिन्धुली
सम्पर्क नं. ९८४३५६८५८८/९८४१९६१७५१

**कुवेतमा रोजगार**

कम्पनी : GLOW UP LADIES BEAUTY SALON COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०६/१४ — चलानी नं.: ६०२६१८७० — LT.No.: 348702

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician/ Manicure Pedicure | 0 | 3 | सम्बन्धित काममा दक्ष | 150 | ७४,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | HAIRDRESSER | 0 | 3 | | 150 | ७४,७२२ | | | | | | | |

कम्पनी : SAKAB GENERAL TRADING COMPANY — शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८३/०६/१४ — चलानी नं.: ६०२६१८६९ — LT.No.: 348701

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant (helper) | 2 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५९,७७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2. | Driver (Light) | 3 | 0 | | 150 | ७४,७२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ असोज २२ गते (8 Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

**युएईमा रोजगार**

कम्पनी : AL BATEEN PLASTERS & TILES CONT — शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०६/१४ — चलानी नं.: ६०२६१८६२ — LT.No.: 348558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stone Mason Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ५०,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Building Labour | 5 | 0 | | 1200 | ५०,०७६ | | | | | | | |
| 3. | TILE LAYER ASSISTANT | 5 | 0 | | 1200 | ५०,०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८३ असोज २२ गते (8 Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Saudi Arabia Govt. L/C No.: 101
Govt.L/C No.: 1769/081/082
PRO INTERNATIONAL MANPOWER PVT. LTD.
Battisputali Gaushala, Kathmadu | Contact No.: 014533296, 014533297
986-2923570, 9823935414, 9863471212, 9810421833
Gmail: prointernational60gmail.com | Website: prointernationalmanpower.com.np

**सूचना ! सूचना !! सूचना !!!**

**काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको उपभोक्ता महानुभावहरूमा अनुरोध !**

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट जारी गरिएको टैंकर सेवा सञ्चालन सम्बन्धी निर्देशिकका २०७३ अनुसार टैकरबाट वितरण गरिने पानीलाई देहाय बमोजिमको प्रयोजनमा वर्गीकरण गरी स्टीकर टाँस्नुपर्ने व्यवस्था गरिएको छ ।

(क) पिउन योग्य पानी (निलो रंगको स्टीकर) राष्ट्रिय खानेपानी मापदण्ड २०६२ बमोजिमको मापदण्ड पुरा भएको पानी ।
(ख) घरायसी प्रयोजनको लागि पानी (हरियो रंगको स्टीकर) सामान्य घरेलु प्रशोधन गरेर अथवा उमालेर पिउन मिल्ने पानी ।
(ग) पिउन बाहेक अन्य प्रयोजनको पानी (पहिलो रंगको स्टीकर पिउन, खाना पकाउन र भान्छाको प्रयोग बाहेक अन्य सरसफाई तथा घर निर्माण लगायतका कार्यमा प्रयोग गर्न मिल्ने पानी ।

**टैंकर सेवा सञ्चालकहरूलाई सूचना**

टैंकर सेवा सञ्चालनहरूले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट अनिवार्य रूपमा अनुमतिपत्र लिएर मात्र सेवा सञ्चालन गर्नुपर्ने व्यवस्था भएको हुँदा अनुमतिपत्र लिन बाँकी टैंकर व्यवसायीहरूले आवश्यक प्रक्रिया पुरा गरी अनुमति पत्रका लागि बोर्डमा सम्पर्क राख्न सूचित गरिन्छ ।

भैसेपाटी, ललितपुर
फोन नं.०१-४१००६१०, ४१००६११
www.kvwsmb.org.np

**Invitation For Independent Property Valuation**

Himal Dental Hospital and Institute of Dental Science Ltd. hereby invites Expression of Interest (EOI)/Proposals from qualified, experienced and duly authorized Independent Property Valuers/Valuation Firms for carrying out an independent valuation of the Company's properties, including land, buildings and other applicable fixed assets.

**Scope of Assignment**

The selected Independent Property Valuer/Firm shall be required to:

- Conduct an independent and professional valuation of the Company's land and buildings.
- Determine the fair/current market value of the properties in accordance with applicable valuation standards, laws and regulations.
- Submit a comprehensive valuation report duly signed and certified by the authorized valuer.
- Provide any necessary clarification or supporting documentation relating to the valuation, if required by the Company.

**Eligibility**

Interested valuer's/valuation firms must be legally authorized/registered to undertake property valuation in Nepal and should have relevant professional experience in valuation of land and buildings.

**Submission of Proposal**

Interested and eligible valuers/firms are requested to submit their Company/Firm Profile, authorization/registration documents, relevant experience, proposed methodology, professional fee quotation and other relevant credentials to the Company.

For further information and submission of proposals, please contact:

**Himal Dental Hospital and Institute of Dental Science Ltd.**
Dhumbarahi-04, Kathmandu, Nepal
Contact No.: 01-4008704/01-4008704, Mail.: himaldentalhospita@yahoo.com

**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

**यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना**

प्रकाशित मिति : २०८३/०६/१५

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितो बन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्तिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) तल तोकिएको समय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

| क्र.स | ऋणी तथा धनजमानीकर्ताको विवरण | धितो/धनजमानीकर्ताको तथा धितोमा रहेको सम्पत्तिको विवरण | |
|---|---|---|---|
| १. | **मुक्ति कृषि फर्म**<br>**उद्योग दर्ता नं.**: १२२७/३०३७/२०३२४<br>ठेगाना : बाह्रदशी गा.पा.वडा नं.०४, झापा<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापा<br>स्थायी लेखा नं.: ६०९४९५०५४<br><br>**प्रोप्राईटर/धनजमानीकर्ता : बैज नाथ गणेश**<br>**ना.प्र.नं.** : १८२४७८९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>बाबु : चन्द्र प्रसाद गणेश<br>वाजे : रामलाल गणेश<br>ठेगाना : झापा जिल्ला, बाह्रदशी गा.पा.वडा नं.०४<br>**शाखा कार्यालय : विर्तामोड**<br>**कर्जा शीर्षक : पौरखी कृषक कर्जा** | **लालो कुमारी गणेश**<br>**ना.प्र.नं.**: ८५०६,१२२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>पति : बैजनाथ गणेश<br>ससुरा : चन्द्र प्रसाद गणेश<br>ठेगाना : झापा जिल्ला, शर्णामती गाउँ पञ्चायत वडा नं.०४, हाल बाह्रदशी गा.पा.वडा नं.०४<br><br>**मुक्तिनाथ गणेश**<br>**ना.प्र.नं.**: ०४-०१-७५-१०६३०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, झापा<br>बाबु : बैजनाथ गणेश<br>बाजे : चन्द्र प्रसाद गणेश<br>ठेगाना : झापा जिल्ला, बाह्रदशी गा.पा.वडा नं.०४ | १.बैज नाथ गणेशको नाममा भूमि प्रशासन कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा):<br>धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना: चकचकी -०२, झापा; कित्ता नं.: ३६८; क्षेत्रफल: ०-१-५.५-० (४३१.७५)<br>साथै, सम्पूर्ण लिगलगापात समेत । |
| २. | **अन्नपुर्ण जनरल स्टोर**<br>**दर्ता नं.**: ३३<br>ठेगाना : रामधुनी न.पा.वडा नं.०८, सुनसरी<br>दर्ता गर्ने कार्यालय : रामधुनी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, झुम्का, सुनसरी<br>स्थायी लेखा नं.: ६०७१२८१७६<br><br>**प्रोप्राईटर/धनजमानीकर्ता : श्रीमति उर्मिला देवि साहु तेली**<br>ना.प्र.नं.: १८८२/को.सु. १८८२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : विजय कुमार साह<br>ससुरा : रोज कुमार साह<br>ठेगाना : सुनसरी जिल्ला, इनरुवा नगर वडा नं.०२, हाल रामधुनी न.पा.वडा नं.०८<br>**शाखा कार्यालय : इनरुवा**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा (आवधिक)** | **विजय कुमार साह**<br>**ना.प्र.नं.**: १४१७/१०६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>बाबु : रोज कुमार साह<br>बाजे : निर्मल साहु<br>ठेगाना : सुनसरी जिल्ला, इनरुवा न.पा.वडा नं.०२, हाल रामधुनी न.पा.वडा नं.०८<br><br>**अजय कुमार साह**<br>**ना.प्र.नं.**: ०६-०१-६९/१०५२०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>बाबु : विजय कुमार साह<br>बाजे : रोज कुमार साह<br>ठेगाना : सुनसरी जिल्ला, डुम्राहा गा.वि.स/उ.म.न.पा.वडा नं.०१, हाल रामधुनी न.पा.वडा नं.०८ | **१.पार्वती साह**<br>**ना.प्र.नं.**: ०६-०१-७८/१३९४३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : अजय कुमार साह<br>ससुरा : विजय कुमार साह<br>ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा.वडा नं.०९, हाल रामधुनी न.पा.वडा नं.०८<br><br>१.श्रीमति उर्मिला देवि साहु तेलीको नाममा भूमि प्रशासन कार्यालय, इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)<br>धितोमा रहेको सम्पत्ति घर जगगाको ठेगाना: डुम्राहा-०१, नक्सा सिट नं.१ख; कित्ता नं.: ५१३; क्षेत्रफल: ०-१-०-० (३३८.५८)<br>साथै, सम्पूर्ण लिगलगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु.१,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपूर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ४:०० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ। साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज गराई लिनु पर्नेछ। यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर/जग्गा) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आंफैले सकार गर्न वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा तथा बैंकको पायक पर्ने शाखामा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पूनश्च** : उल्लिखित ऋणी/व्यवसायी/करदाता/साझेदार/प्रोप्राइटर/अख्तियार प्राप्त व्यक्ति/धितोजमानीकर्ता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान:**
बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०६/२१ गते र बोलपत्र खोलिने मिति : २०८३/०६/२२
समय : दिनको : ४:०० बजे
सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# दुई चालकको नियम कार्यान्वयनमा कठोर बनौं

चाडपर्वको संघारमा काठमाडौं उपत्यका ट्राफिक प्रहरीले लामो दूरीका रात्रिकालीन सार्वजनिक सवारीसाधनमा अनिवार्य दुई जना चालक राख्नुपर्ने नियमलाई कडाइका साथ कार्यान्वयन गर्ने घोषणा गरेको छ। चाडपर्वमा घर फर्किने यात्रुको चाप अत्यधिक हुने, सडकमा सवारीको आवागमन बाक्लिने र रातको समयमा थकानका कारण गम्भीर दुर्घटनाको जोखिम बढ्ने भएकाले यो कदम अत्यन्तै सामयिक र सराहनीय छ। तर, विगतका अनुभवलाई हेर्दा नियम ल्याउनु वा त्यसको पुनः घोषणा गर्नुमात्रै ठूलो कुरा होइन, त्यसको निरन्तर र प्रभावकारी कार्यान्वयन महत्त्वपूर्ण पक्ष हो।

मुलुकमा लामो दूरीका बसमा दुई चालक हुनुपर्ने कानुनी व्यवस्था नयाँ होइन। यातायात व्यवस्था ऐन र ट्राफिक नियमहरूमा यसको स्पष्ट प्रावधान छ। तैपनि, मुनाफालाई सर्वोपरि ठान्ने केही यातायात व्यवसायी र अनुगमनमा देखिने फितलोपनका कारण अधिकांश लामो दूरीका रात्रिकालीन बसहरू एउटै चालकको भरमा सयौं किलोमिटर गुडिरहेका देखिन्छन्। रातभरको अनिद्रा, शारीरिक थकान र एकाग्रताको कमीका कारण सडकमा कयौं अमूल्य जीवनहरू अकालमै गुम्न पुगेका छन्। चालक कुनै मेसिन होइनह उनीहरूलाई पनि पर्याप्त आराम चाहिन्छ। दुई चालक हुँदा पालैपालो गाडी चलाउन पाइने र थकान व्यवस्थापन सहज हुने भएकाले दुर्घटनाको सम्भावना उल्लेखनीयरूपमा घट्छ।

यसपटक ट्राफिक प्रहरीले जाँच र अनुगमनलाई तीव्रता दिने, मादक तथा लागुपदार्थ सेवन (मापसे/लापसे) को कडा चेकिङ गर्ने र यात्रु ठगी नियन्त्रण गर्ने जुन प्रतिबद्धता जनाएको छ, त्यसलाई कागजी अभियानमामात्र सीमित राख्न हुँदैन। नियम कार्यान्वयन गराउन काठमाडौंबाट छुट्ने नाकाहरूमा मात्र होइन, राजमार्गका विभिन्न जाँच चौकीहरूमासमेत चुस्त अनुगमन हुनुपर्छ। धेरैजसो अवस्थामा काठमाडौंबाट छुट्दा दुई चालक देखाउने तर नागढुंगा काटेपछि एक जनालाई ओराल्ने वा बीच बाटोबाट एउटै चालकले निरन्तर गाडी हुँइकाउने चलाखी पनि हुने गरेको छ। यस्ता चलाखी र ठगीलाई रोक्न प्रविधिको प्रयोग, आकस्मिक चेकिङ र राजमार्गमा कडा निगरानी टोली परिचालन गर्न आवश्यक छ।

सवारी दुर्घटना रोक्ने र यात्रालाई सुरक्षित बनाउने दायित्व केवल प्रहरीकोमात्र होइन। यसमा यातायात व्यवसायी संघ–संस्था, चालक, सहचालक र स्वयं यात्रुहरूको पनि उत्तिकै दायित्व रहन्छ। व्यवसायीहरूले यात्रुको सुरक्षालाई व्यापारिक लाभभन्दा माथि राखेर दुई चालकको व्यवस्थालाई ऐच्छिक नभई अनिवार्य कर्तव्यका रूपमा लिनुपर्छ। त्यसैगरी, यात्रुहरूले पनि आफ्नो बसमा दुई चालक छन् कि छैनन् भन्नेबारे सचेत भई नियम पालना नभएको पाइएमा तत्काल नजिकैको प्रहरी वा ट्राफिक हटलाइनमा खबर गर्नुपर्छ।

चाडपर्व भनेको खुसी, उमंग र परिवारसँगको पुनर्मिलनको समय हो। यो समय शोक र आँसुमा बदल्न नदिन सडक सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नैपर्छ। प्रहरीले थालेको यो कडाइलाई मौसमी अभियानका रूपमामात्र नभई वर्षैभरि चल्ने स्थायी प्रणालीका रूपमा स्थापित गरियोस्। दुई चालकको नियमलाई सडकमा पूर्णरूपमा उतारेर यात्रुलाई सुरक्षित यात्राको प्रत्याभूति दिलाउनु नै आजको मुख्य आवश्यकता हो।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन्। त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ। कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ। रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन। यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ। तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस्। नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन्। यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस्।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन्। तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस्। उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन्। खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ। मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ। कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ। रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस्।

# ‘१५औं महाधिवेशनलाई गेम चेञ्जर महाधिवेशनका रूपमा स्थापित गर्नुपर्छ’

नेपाली कांग्रेसका नेता **रामकृष्ण चित्रकार**को राजनीतिक यात्रा विद्यार्थीकालबाटै सुरू भएको हो। ललितपुरको पाटनमा जन्मिएका चित्रकारले राजनीतिशास्त्रमा स्नातकोत्तर र कानुनमा बिएल गरेका छन्। भौतिकशास्त्रको विद्यार्थी भएता पनि उनले राजनीतिशास्त्रमा एमए र कानुनमा बिएल गरेका हुन्। पारिवारिक पृष्ठभूमि राजनीतिक भएकाले बाल्यकालमै उनमा राजनीतिक चेतनाले भरिएको थियो। नेपाल विद्यार्थी संघ (नेविसंघ) बाट राजनीतिमा होमिएका चित्रकारले २०४६ सालको जनआन्दोलनमा पाटन संयुक्त क्याम्पसबाट विद्यार्थी आन्दोलनको नेतृत्व गरेका थिए। त्यसपछि नेविसंघको जिल्ला सभापति, केन्द्रीय सदस्य र उपाध्यक्ष हुँदै पहिलो संविधानसभाको सदस्य बने। नेपाली कांग्रेसको जिल्ला कमिटीदेखि महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यसम्मको जिम्मेवारी सम्हालेका चित्रकारले वकालत, पत्रकारिता, शिक्षा र समाजसेवाका क्षेत्रमा पनि काम गरेका छन्। बालअधिकार, सामुदायिक पुस्तकालय, रोटरी क्लब, रेयुकाईलगायत सामाजिक संघसंस्थामा सक्रिय चित्रकारसँग २०४६ को जनआन्दोलनको अनुभव, कांग्रेसको १५औं महाधिवेशनलगायत विषयमा केन्द्रित रहेर *प्रभाव*ले गरेको कुराकानीः



**रामकृष्ण चित्रकार**, बागमती प्रदेश सांसद तथा पूर्वमन्त्री

**राजनीतिप्रति तपाईंको आकर्षण कसरी भयो ?**

मेरो विद्यार्थीकालदेखि नै राजनीतिप्रति झुकाव थियो। त्यतिबेला नेपालमा एकतन्त्रीय पञ्चायती व्यवस्था थियो। त्यो व्यवस्थाले जनतामाथि गरेको थिचोमिचो, बोल्न र पढ्न पाउने अधिकारमाथि गरेको नियन्त्रण तथा धनीमानीले गरिब र निमुखामाथि गर्ने अन्याय-अत्याचारविरुद्ध आवाज उठाउने उद्देश्यले म विद्यार्थी राजनीतिमा होमिएको हुँ। मैले नेपाल विद्यार्थी संघबाट आफ्नो राजनीतिक जीवन सुरु गरेको हुँ। मेरो परिवार पनि राजनीतिक वातावरणमै थियो। मेरा ठूलो बुबा २००७ सालको क्रान्तिका योद्धा हुनुहुन्थ्यो। मेरा माइला दाइ २०३६ सालको विद्यार्थी आन्दोलनका क्रममा नेविसंघमा आबद्ध भएर लामो समय काम गर्नुभयो। खासगरी मेरो दाइले पिएल सिंहसँग लामो समय पार्टी संगठनको काम गर्नुभयो। त्यसैले गर्दा मलाई राजनीतिमा लाग्ने प्रेरणा जाग्दै गयो।

**तपाईंमा बहुदलीय व्यवस्था ल्याउनुपर्छ भन्ने चेतना कसरी विकसित भयो ?**

त्यसबारे मेरो जीवनमा एउटा घटनाले ठूलो भूमिका खेल्यो। हाम्रो पुर्ख्यौली घर साँखुमा थियो। २०३७ साल माघमा त्यहाँ मेला लागेको समयमा एउटा ठूलो घटना भयो। त्यसले हाम्रो घरमा आगजनी भयो। म, मेरा दाइ र भतिजा गरी तीन जना घरभित्र थियौं। त्यतिबेला म ११-१२ वर्षको थिएँ। प्रहरीले हामीलाई आगलागीबाट उद्धार गरेको थियो। हामी तीनै जना घाइते भयौं। परिवारका अरू सदस्य भने भागेर जोगिनुभयो। त्यतिबेला त्यो घटना किन भयो भन्ने मलाई थाहा थिएन। पछिमात्रै थाहा पाएँ- त्यसमा बहुदल र निर्दलबीचको राजनीतिक विषय जोडिएको रहेछ। हाम्रो परिवार बहुदलको पक्षमा रहेकाले हामीमाथि निर्दलीय व्यवस्था चाहनेले आक्रमण गरेका रहेछन्। साँखुमा माघको मेलामा हाम्रो परिवारले ‘पञ्चायती व्यवस्था मुर्दावाद, बहुदलीय व्यवस्था जिन्दावाद’ भनेर नारा लगाएका रहेछन्। मलाई त्यतिबेला ‘निर्दल’ भनेको के हो भन्ने थाहा थिएन। पछि बुझ्दै जाँदा त्यो जनमतसंग्रहको सन्दर्भमा बहुदल र निर्दलबीचको राजनीतिक संघर्ष हो भन्ने थाहा पाएँ। त्यसबेला जोगमेयर श्रेष्ठ गृहमन्त्री हुनुहुन्थ्यो। उहाँको घर पनि त्यहीँ थियो। हाम्रो परिवार बहुदलको पक्षमा लागेकै कारण उहाँले हामीमाथि आक्रमण गर्न लगाएको मैले पछि थाहा पाएँ। त्यो घटनाले मेरो बाल मानसपटलमा गहिरो प्रभाव पार्‍यो। त्यसपछि मलाई प्रत्यक्ष राजनीतिमा आउनुपर्छ भन्ने भावना जाग्यो।

**बहुदलीय व्यवस्था जनताको पक्षमा हुन्छ भन्ने निष्कर्षमा कसरी पुग्नुभयो ?**

हाम्रो परिवार बहुदलीय व्यवस्थाको पक्षमा लागेको कारण निर्दलीय व्यवस्थाका समर्थकबाट आगजनी र आक्रमण भएपछि मैले त्यसको अर्थ बुझ्न थालेँ। मलाई लाग्यो- निर्दलीय व्यवस्था भनेको जनतालाई थिचोमिचो गर्ने, आफ्ना हक-अधिकारका विषयमा बोल्न नदिने र विरोध गर्नेमाथि आक्रमण गर्ने व्यवस्था रहेछ तर बहुदलीय व्यवस्थामा भने जनताले आफ्ना हकहितका लागि आवाज उठाउन पाउने रहेछन् भन्ने थाहा भयो। त्यसपछि शोषित, पीडित र गरिब-निमुखाको पक्षमा उभिनुपर्छ, अन्याय र भ्रष्टाचारविरुद्ध लड्नुपर्छ भन्ने लाग्यो। मेरो दाइ पनि पब्लिक युथ क्याम्पसमा पढ्नुहुन्थ्यो। उहाँ नेविसंघमा आबद्ध भएर विद्यार्थी राजनीति गर्नुहुन्थ्यो। २०३६ सालको जनमतसंग्रहका बेला उहाँ पिएल सिंहको टिममा रहेर काम गर्नुभएको थियो। तर घरको आर्थिक अवस्थाका कारण उहाँ २०४२ सालमा जागिरतिर लाग्नुभयो। त्यसबेला मैले दाइलाई ‘तपाईं जागिरतिर लाग्नुभयो, अब राजनीति म गर्छु’ भनेँ। त्यसपछि २०४२ सालदेखि म पूर्णरूपमा राजनीतिमा सक्रिय भएँ।

**२०४६ सालको जनआन्दोलनमा तपाईंको भूमिका कस्तो रह्यो ?**

२०४६ को जनआन्दोलनका बेला म नेपाल विद्यार्थी संघको पाटन संयुक्त क्याम्पस एकाइ संयोजक थिएँ। २०४६ साल चैत १६ गते मेरो नेतृत्वमा पाटन क्याम्पसबाट ठूलो जुलुस निकाल्यौं। अखिलबाट जनार्दन आचार्यलगायत साथीहरू पनि आन्दोलनमा सहभागी हुनुहुन्थ्यो। हामीले जुलुस पाटन क्याम्पसहुँदै प्रभात स्कुलसम्म पुर्‍याएका थियौं। अहिले नेपाल भाषाको मंकाःखलको भवन रहेको ठाउँतिर प्रहरीले हामीमाथि रबरका गोली र अश्रुग्यास प्रहार गर्‍यो। त्यतिबेला मेरो कानको छेउबाट गोली गएको थियो। त्यो घटनापछि ललितपुरमा आन्दोलन झनै चर्कियो। चैत १७ गते ठूलो जुलुस निस्कियो। मंगलबजारमा गोली चल्यो। नेविसंघका नेता सागर सिंह सहिद हुनुभयो। ज्ञानबहादुर शाहीलाई ललितपुरको हखामा गोली लागेको थियो। त्यसपछि आन्दोलन झन् उग्र भयो। ललितपुरलाई मुक्ति क्षेत्र घोषणा गर्ने तहसम्म आन्दोलन पुग्यो। घरघरबाट हतियार निकाल्ने काम भयो। त्यसपछि कीर्तिपुर, भक्तपुर, काठमाडौंलगायत उपत्यकाका विभिन्न ठाउँमा आन्दोलन फैलियो। पाटन क्याम्पसबाट हामीले निकालेको त्यो जुलुसले काठमाडौंमा आन्दोलन चर्काउन महत्त्वपूर्ण भूमिका खेलेको थियो। अन्ततः २०४६ सालको जनआन्दोलन सफल भएर बहुदलीय व्यवस्था पुनःस्थापना भयो।

**नेविसंघमा तपाईंको राजनीतिक यात्रा कसरी अघि बढ्यो ?**

त्यसपछि म नेविसंघको जिल्ला कमिटीसचिव भएँ। २०४९ सालमा चुनावमार्फत जिल्ला सभापतिमा निर्वाचित भएँ। २०५४ सालमा पुनः जिल्ला सभापतिमा निर्वाचित भएँ। यसरी नेविसंघ ललितपुर जिल्ला सभापतिका रूपमा दुई कार्यकाल काम गरेँ। २०५६ सालमा नेविसंघको केन्द्रीय सदस्य भएँ र २०५९ सालमा केन्द्रीय उपाध्यक्ष भएँ। २०६४ सालमा नेपालगञ्जमा भएको नेविसंघको १०औं महाधिवेशनमा म अध्यक्षको प्रत्यासी थिएँ। थोरै मतले पराजित भएँ। त्यसपछि २०६४ सालको पहिलो संविधानसभामा समानुपातिकतर्फबाट सदस्य भएँ। त्यतिबेला विद्यार्थी राजनीतिबाट हामी चार जना संविधानसभा सदस्य भएका थियौं- गगनकुमार थापा, म, जगदीश नरसिंह केसी र धनराज गुरुङ। हामी चारै जना विद्यार्थी तथा युवाको प्रतिनिधित्व गर्दै पहिलो संविधानसभामा पुगेका थियौं।

**नेपाली कांग्रेसको पार्टी राजनीतिमा तपाईंको भूमिका कसरी अघि बढ्यो ?**

२०५० सालदेखि नेपाली कांग्रेसको जिल्ला कमिटीमा बसेर काम गरेँ। २०५६ सालमा पोखरामा सम्पन्न कांग्रेस महाधिवेशनमा म महाधिवेशन प्रतिनिधि थिएँ। २०६२ सालदेखि अहिलेसम्म निरन्तर महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यका रूपमा काम गरिरहेको छु। राजनीतिसँगै केही वर्ष पत्रकारिता पनि गरेँ। २०५१ देखि २०५८ सालसम्म वकालत व्यवसायमा पनि सक्रिय रहेँ। पेसाले म अधिवक्ता पनि हुँ। केही समय ‘कमाण्डर पोस्ट’ दैनिक पत्रिकामा लगानीकर्ता भएर पनि काम गरेँ। शैक्षिक क्षेत्रमा पनि मेरो संलग्नता छ। केही विद्यालय तथा कलेज सञ्चालनमा छन्। यसरी राजनीतिक यात्रासँगै पत्रकारिता, वकालत, शिक्षा र व्यवसायका क्षेत्रमा पनि काम गर्ने अवसर प्राप्त गरेको छु।

**राजनीति र समाजसेवालाई एकैसाथ कसरी अगाडि बढाउनुभयो ?**

राजनीतिसँगै समाजसेवामा मेरो गहिरो रुचि छ। विशेषगरी बालअधिकारको क्षेत्रमा केन्द्रित रहेर मैले समाजसेवाको काम गरेको छु। बालअधिकारका विषयमा लामो समयदेखि काम गर्दै आएको छु। त्यसको अतिरिक्त रोटरी क्लब, रेयुकाईलगायत विभिन्न सामाजिक संस्थामार्फत पनि काम गरेँ। ललितपुरस्थित सहिद शुक्र राष्ट्रिय पुस्तकालयको अध्यक्ष भएर काम गरेँ। २०४२ सालमा स्थापना गरिएको सामुदायिक पुस्तकालयको म संस्थापक सचिव पनि हुँ। मूलतः मेरो अधिकांश समय राजनीतिमै बिते तापनि त्योसँगै सामाजिक, शैक्षिक र व्यावसायिक क्षेत्रमा पनि निरन्तर काम गर्दै आएको छु।

**नेपाली कांग्रेसको १५औं महाधिवेशनलाई कसरी हेर्नुभएको छ ?**

मेरो विचारमा १५औं महाधिवेशन एकताको महाधिवेशन हुनुपर्छ। यो सबैको महाधिवेशन बन्नुपर्छ। विकास र समृद्धिलाई जनतासँग जोड्ने महाधिवेशनका रूपमा यसलाई अघि बढाउनुपर्छ। यो नियमित महाधिवेशनमात्रै होइन, राष्ट्रियता, लोकतन्त्र, जनताको आवाज र जनजीविकाका सवाललाई प्राथमिकताका साथ उठाउन सक्ने कांग्रेस निर्माण गर्ने अवसरका रूपमा १५औं महाधिवेशनलाई लिनुपर्छ। अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा नेपालमा जुन खालको भूराजनीतिक परिस्थिति विकसित भइरहेको छ, त्यसलाई सम्बोधन गर्न सक्ने राजनीतिक शक्ति निर्माण गर्ने महाधिवेशन पनि हुनुपर्छ। मैले महाधिवेशनको क्रममा वडा-वडामा पुग्दा यिनै विषय उठाइरहेको छु।

**संस्थापन र इतर पक्षबीच भिडन्त छ, कसरी ‘एकताको महाधिवेशन’ भन्नुहुन्छ ?**

कुन नेताले के भन्नुभयो भन्नेभन्दा जनतामाझ कांग्रेसले के डेलिभरी गरिरहेको छ भन्ने कुरा ठूलो हो। अहिले जनतासामु कांग्रेसको औचित्य कसरी प्रमाणित गर्ने भन्ने मुख्य प्रश्न छ। जनतालाई ‘नेपाली कांग्रेस आवश्यक छ’ भन्ने अनुभूति कसरी गराउने भन्ने विषय महत्त्वपूर्ण छ। लोकतन्त्र, जनजीविका, राष्ट्रियता तथा अहिलेको राष्ट्रिय-अन्तर्राष्ट्रिय भूराजनीतिक परिस्थितिलाई निकास दिन सक्ने कांग्रेस स्थापित गर्नुपर्छ। त्यसैले १५औं महाधिवेशनलाई ‘गेम चेञ्जर’ महाधिवेशनका रूपमा स्थापित गर्नुपर्छ भन्ने मेरो धारणा हो।

**गगन थापा नेतृत्वको कांग्रेसले विश्वभूराजनीतिमा ‘गेम चेञ्जर’को भूमिका खेल्न सक्छ ?**

व्यक्तिभन्दा पार्टी कस्तो बनाउने भन्ने कुरा महत्त्वपूर्ण हो। हामीले राम्रो कांग्रेस, बलियो कांग्रेस र जनताको कांग्रेस बनाउनुपर्छ। जनताको इच्छा-आकांक्षा बुझेर उनीहरूका मुद्दालाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा नेतृत्व गर्ने कांग्रेस आवश्यक छ। जनताले खोजिरहेको परिवर्तनलाई संस्थागत र दीगो बनाउन सक्ने कांग्रेस निर्माण गर्नुपर्छ। नेतृत्वमा को आउँछ भन्ने कुरा महाधिवेशनले तय गर्ने विषय हो। देशभरबाट आउने प्रतिनिधिहरूले नेतृत्व चयन गर्नुहुन्छ। कांग्रेसको नेतृत्वका लागि उमेरभन्दा पनि परिवर्तनलाई संस्थागत गर्न सक्ने दृढ इच्छाशक्ति महत्त्वपूर्ण हुन्छ।

**पुराना राजनीतिक दलप्रति नयाँ पुस्तामा वितृष्णा छ, त्यसलाई कसरी सम्बोधन गर्ने ?**

केही वर्षदेखि पुराना दलहरूले देशमा परिवर्तन गरेनन्, विकास निर्माणको काम गरेनन् भन्ने एउटा गलत भाष्य निर्माण गर्न खोजिएको छ। विगत ३५ वर्षमा पुराना दलहरूले केही गरेनन्, भन्ने ढंगले नियोजित धारणा निर्माण गर्न खोजिएको छ। पुराना दलहरूले ३५ वर्षमा विकास निर्माणका काम गरेको प्रमाण भोटेकोशी बाढीले नष्ट गरेको संरचनालाई हेर्दा हुन्छ। त्यहाँ विगत केही दशकमा बनेका दर्जन हाराहारी जलविद्युत् आयोजना, दर्जनौं पुल र पक्की सडकहरू नष्ट भएका छन्। एउटै नदीमा यति धेरै विकासका संरचना कसको पालामा बने ? ती संरचना पञ्चायतका पालामा बनेका होइनन्। रास्वपाको पालामा पनि बनेका होइनन्। ती संरचना कांग्रेस, एमालेलगायतका दलहरू सरकारमा रहेका अवधिमा बनेका हुन्। त्यसैगरी रसुवा-काठमाडौंका पक्की सडक, गाउँबस्तीमा पुगेका सडक, खानेपानी, विद्यालय, कलेज, स्वास्थ्य चौकी र नगर अस्पताललगायतका संरचना पनि बहुदलीय व्यवस्थापछि विस्तार भएका हुन्। तर, यसको अर्थ पुराना दलहरूले सबै काम राम्रोसँग गरे भन्ने होइन। हाम्रो कमजोरी पनि छन्। विशेषगरी आर्थिक समृद्धिको क्षेत्रमा अपेक्षित काम गर्न सकेका छैनौं। अब त्यसलाई सच्याएर अघि बढ्नुपर्छ।

**युवा विदेश पलायन रोक्न नेपालमा रोजगारी सिर्जना गर्ने आधार के ?**

नेपालका सेवा र उत्पादन दुवै क्षेत्रमा रोजगारीको सम्भावना छ। अझ शिक्षा र स्वास्थ्यमा ठूलो अवसर छ। आज निजी क्षेत्रका ठूला अस्पतालहरू सञ्चालनमा आएका छन्। पञ्चायतकालमा कति अस्पताल थिए र बहुदलीय व्यवस्था आएपछि कति अस्पताल थपिए भन्ने पनि हेर्नुपर्छ। शिक्षा क्षेत्रमा पनि ठूलो विकास भएको छ। पञ्चायतकालमा सीमित विश्वविद्यालय थिए। अहिले विश्वविद्यालयको संख्या उल्लेख्य रूपमा बढेको छ। त्यससँगै रोजगारीका अवसर पनि विस्तार भएका छन्। तर हाम्रो कमजोरी भनेको प्राकृतिक स्रोत-साधनको पर्याप्त उपयोग गर्न नसक्नु हो। नेपालमा भएका प्राकृतिक स्रोत-साधनको उत्खनन गरेर अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन हामी चुकेका छौं। त्यसमा केही प्राविधिक पाटाहरू छन् जस्तो-उद्योग सञ्चालन गर्न खोज्दा एउटा पक्षले लगानी गर्छ, अर्को पक्षले धुवाँ-धुलो आयो भनेर बन्द गराउन खोज्छ। सिमेन्ट उद्योग खोल्दा प्राकृतिक दोहन भयो भनेर विरोध हुन्छ। सडक बनाउन खोज्दा जग्गा अधिग्रहणमा समस्या आउँछ। वन विभागका विभिन्न प्रक्रिया र स्थानीय अवरोधले पनि विकास आयोजनामा समस्या पार्छ। जलविद्युत् आयोजना सञ्चालन गर्न खोज्दा पनि विभिन्न अवरोध आउने गरेका छन्। कृषिमा मल र बीउको व्यवस्था गर्न सकेका छैनौं। उत्पादन क्षेत्रमा रहेका स्रोत-साधनको उचित उपयोग गर्न सक नेपालमा यथेष्ट रोजगारी सिर्जना गर्न सकिन्छ।

**नेपालमा संघीयको औचित्य छैन भनिन्छ, तपाईं के भन्नुहुन्छ ?**

प्रदेशलाई अधिकारसम्पन्न बनाउने हो भने संघीयताको औचित्य छ। म बागमती प्रदेशमा मन्त्री हुँदा प्रदेशभित्र रहेका प्राकृतिक स्रोत-साधनको उपयोग गर्ने विषय उठाएँ। त्यससँगै कृषि उत्पादन र पर्यटन प्रवर्द्धनमार्फत आर्थिक उपार्जन बढाउने र युवाका लागि रोजगारी सिर्जना गर्ने विषयमा पनि कामको थालनी गरियो। प्रदेशभित्र उपलब्ध स्रोत र सम्भावनालाई पहिचान गरेर स्थानीय आर्थिक गतिविधिसँग जोड्नुपर्छ भन्ने मेरो प्राथमिकता थियो। अहिलेको संरचना र अधिकारको सीमाभित्रै प्रदेशलाई राख्ने हो भने यसको औचित्यमाथि प्रश्न उठ्नु स्वाभाविक छ। प्रदेश एउटा मन्त्री र राजनीतिक कार्यकर्तालाई जागिर खुवाउन बनाइएको होइन। यो जनतालाई छिटोछरितो सेवा र विकास दिन तथा विकेन्द्रीकरणलाई प्रभावकारी बनाउन बनाइएको हो। संविधानले दिएको अधिकार प्रदेशलाई नदिने, आवश्यक कानुन नबनाउने र अधिकारसम्पन्न नबनाउने हो भने संघीयताको अर्थ छैन। तर संविधानमा उल्लेख अधिकार प्रदेशलाई प्रयोग गर्न दिने हो, विकासको एजेन्टका रूपमा प्रदेश सरकारलाई उपयोग गर्ने हो र जनतालाई प्रत्यक्ष डेलिभरी दिने संरचनाका रूपमा प्रदेशलाई स्थापित गर्ने हो भने प्रदेशको औचित्य रहन्छ।

**प्रदेशको अवधारणा अनुसार जनतालाई डेलिभरी दिन सकेको छ त ?**

प्रदेशको औचित्यबारे दुईवटा कुरा छन्। पहिलो, हिजो सत्ता बाहिर हुँदा प्रदेश हटाउने कुरा गर्नेहरूले आज प्रदेश आवश्यक छ भनेर चुनावमा भाग लिइरहेका छन्। यसले पनि प्रदेश संरचनाको राजनीतिक सान्दर्भिकता देखाउँछ। दोस्रो, जहाँ संघीय सरकारले स्थानीय स्रोत र सम्भावना पहिचान गरेर काम गर्न सकेको छैन, त्यहाँ प्रदेश सरकारले स्थानीय स्रोत पहिचान गरेर विकास निर्माणका काम अघि बढाएको छ। बाटोघाटो, पर्यटन, कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रमा प्रदेश सरकारहरूले काम गरिरहेका छन्। संविधानले दिएको अधिकार नदिने, कानुनीरूपमा अधिकारसम्पन्न नबनाउने र केही व्यक्तिलाई सांसद-मन्त्री बनाउने तथा कार्यकर्तालाई जागिर खुवाउने थलो बनाउने हो भने त्यसको औचित्य छैन। प्रदेश सरकारका आफ्नै संवैधानिक र कानुनी अधिकार छन्। संघ सरकारले प्रतिबन्ध लगायो भन्दैमा प्रदेशको अधिकार समाप्त हुँदैन। अहिले सूचनाको हकमा पनि प्रतिबन्ध लगाउन खोजिएको मात्रै हो भन्ने मेरो बुझाइ हो। प्रदेश सरकारलाई संविधान र कानुनले दिएको अधिकार प्रयोग गर्न दिनुपर्छ। संघीयताको मूल मर्मअनुसार प्रदेशलाई आफ्नो जिम्मेवारी पूरा गर्न अधिकारसम्पन्न बनाउनु आवश्यक छ।

# प्रभाव दैनिक





### यूकेको 'सुम्निमा साँझ'मा गुञ्जँदै मेलिना र रोशन

बेलायतमा नेपाली संगीतप्रेमीलाई लक्षित गर्दै आगामी अक्टोबर ९ तारिख 'सुम्निमा साँझ' विशेष सांगीतिक कार्यक्रम आयोजना हुने भएको छ । एल्डसर्टस्थित एम्पायर हलमा हुने कार्यक्रममा नेपाली सांगीतिक क्षेत्रका चर्चित कलाकारहरूले विशेष प्रस्तुति दिने आयोजकले जनाएको छ । सुम्निमा इभेन्ट, लुङ्टो क्रिएसन, ईफ्लेक्स इन्टरटेनमेन्ट र इनाश यूकेको संयुक्त आयोजनामा हुन लागेको 'सुम्निमा साँझ' विशेष सांगीतिक कार्यक्रममा कलाकारहरूको भिड नै रहेको छ । कार्यक्रममा चर्चित गायिका मेलिना राई र भ्वाईस अफ नेपाल सिजन ६ का उपविजेता गायक रोशन राई, चर्चित गायक प्रताप दास, चर्चित गायिका पार्वती राई, सबिना योङहाङ, जानुका राई, अप्सरा घिमिरे, चर्चित अभिनेत्री रजनी गुरूङ लगायत कलाकारहरूको प्रस्तुति रहनेछ ।





# रियाको 'युके शहर' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली सांगीतिक क्षेत्रमा प्रवेश गरेको करिब तीन वर्षमै आफ्नो छुट्टै पहिचान बनाउन सफल गायिका तथा मोडल रिया खत्रीले नयाँ सांगीतिक प्रस्तुति 'युके शहर' सार्वजनिक गरेकी छन् । राजधानीमा विशेष कार्यक्रमबीच विमोचन गरिएको 'युके शहर' अहिले रिया खत्रीको आधिकारिक युट्युब च्यानलमार्फत दर्शक श्रोतामाझ पुगेको छ ।

रिया खत्री र गायक क्रिश क्षेत्रीको स्वर तथा अभिनय रहेको 'युके शहर'लाई रियाले आफ्नो सांगीतिक यात्राको नयाँ अध्यायका रूपमा लिएकी छन् । लामो मेहनत, संघर्ष र तयारीपछि तयार गरिएको यो प्रस्तुति नेपालमा रहेका दर्शकसँगै विदेशमा रहेका नेपाली समुदायलाई समेत लक्षित गरेर निर्माण गरिएको उनले बताएकी छन् ।

'युके शहर' मेरो लागि एउटा गीत मात्र होइन, मेरो सांगीतिक यात्राको एउटा सुन्दर सपना पनि हो,' रियाले भनिन्, 'धेरै मेहनत र उत्साहका साथ तयार गरेको यो प्रस्तुतिलाई नेपाल र विदेशमा रहनुभएका नेपाली दर्शक श्रोताले माया गरिदिनुहुनेछ भन्ने विश्वास छ ।'

करिब तीन वर्षको सांगीतिक यात्रामा रियाले आफ्नै तीनवटा एल्बम सार्वजनिक गरिसकेकी छन्, दर्जनौं गीतमा स्वर दिएकी छन् भने दर्जनौ लाईभ दोहोरी गाईसकेकी छन् । गायनसँगै मोडलिङमा समेत सक्रिय उनले विभिन्न म्युजिक भिडियो तथा सांगीतिक प्रस्तुतिमा अभिनय गरेकी छन् । छोटो समयमै निरन्तर सिर्जना र प्रस्तुतिमार्फत दर्शकसँग जोडिँदै आएकी रियाले डिजिटल प्लेटफर्मलाई पनि आफ्नो सांगीतिक यात्राको महत्वपूर्ण माध्यम बनाएकी छन् ।

रियाको सांगीतिक यात्रा नेपालमा मात्र सीमित छैन । उनले देशका विभिन्न जिल्लामा प्रस्तुति दिनुका साथै विदेशमा रहेका नेपाली समुदायमाझ पनि सांगीतिक प्रस्तुति दिइसकेकी छन् । उनले मलेसिया, सिंगापुर, थाइल्यान्ड, कम्बोडिया, लाओस, भियतनाम, संयुक्त अरब इमिरेट्स, कतार, बहराइन र भारतलगायतका एक दर्जन देशमा प्रस्तुति दिईसकेकी छन् ।

विदेशमा रहेका नेपाली समुदायसँग प्रत्यक्ष जोडिँदा नेपाली गीत,संगीतप्रतिको उनीहरूको माया र अपनत्वलाई नजिकबाट अनुभव गरेको रियाले बताएकी छन् । यही अनुभवलाई 'युके शहर'मार्फत थप व्यापक बनाउन खोजिएको उनको भनाइ छ ।

नेपालबाहिर रहेका करिब ८० लाख नेपालीलाई समेत केन्द्रमा राखेर 'युके शहर' तयार गरिएको रियाले बताएकी छन् । संसारका जुनसुकै मुलुकमा रहे पनि नेपाली भाषा, संस्कृति र संगीतसँग जोडिएका नेपालीको मनसम्म आफ्नो सिर्जना पुऱ्याउने उनको उद्देश्य छ ।

'नेपालबाहिर रहनुभएका नेपाली पनि मेरो सांगीतिक यात्राको महत्वपूर्ण हिस्सा हुनुहुन्छ,' उनले भनिन्, 'उहाँहरूसँग नेपाली संगीतमार्फत जोडिन चाहन्छु । 'युके शहर'ले सबैको मन छुने विश्वास लिएकी छु ।'

'युके शहर' सार्वजनिक गरेसँगै रियाले दर्शक श्रोतासँग भिडियो हेरेर प्रतिक्रिया दिन तथा मन परे साथीभाइ, परिवार र आफन्तसम्म पुऱ्याइदिन आग्रह गरेकी छन् । उनका लागि एउटा भ्यु, लाइक, कमेन्ट र सेयर केवल सामाजिक सञ्जालको प्रतिक्रिया नभई आगामी सांगीतिक यात्राका लागि ठूलो हौसला हो ।

'एकपटक समय निकालेर 'युके शहर' हेर्नुहोस्, गीत सुन्नुहोस् र तपाईंलाई कस्तो लाग्यो प्रतिक्रिया दिनुहोस । मन परे सेयर गरेर अझ धेरै नेपाली मनसम्म पुऱ्याइदिनुहोस्,' रियाले आग्रह गरेकी छन् ।

'युके शहर'अहिले रिया खत्रीको युट्युव च्यानलमा सार्वजनिक भइसकेको छ । उनले च्यानल सब्स्क्राइब गरी आगामी सांगीतिक यात्रामा थप साथ दिनसमेत दर्शक,श्रोतासँग अनुरोध गरेकी छन् ।

नेपालदेखि विदेशसम्म आफ्नो सांगीतिक यात्रा विस्तार गरिरहेकी रियाका लागि 'युके शहर' नयाँ गीत मात्र नभई अहिलेसम्मको मेहनत, संघर्ष र दर्शकको मायालाई अझ फराकिलो बनाउने प्रयासका रूपमा लिईएको छ ।




## रंगशाला

# भुटानविरूद्धको सिरिजमा गण्डकीको लगातार दोस्रो जित

■ प्रभाव संवाददाता

**कास्की–** घरेलु टोली गण्डकी प्रदेशले नेपाल भ्रमणमा रहेको भुटानको राष्ट्रिय क्रिकेट टोलीलाई अभ्यास खेलमा लगातार दोस्रो पटक पराजित गरेको छ ।

पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बुधबार भएको खेलमा गण्डकी प्रदेशले भुटानलाई ६४ रनले पराजित गरेको हो । यसअघि मंगलबार सम्पन्न खेलमा समेत गण्डकी प्रदेशले भुटानलाई पराजित गरेको थियो ।

खेलमा टस जितेर भुटानले पहिला बलिङ रोजेपछि गण्डकी प्रदेशले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ९६ बनायो । जितका लागि एक सय ९७ रनको लक्ष्य पछ्याएको भुटानी टोलीले १७ ओभरको चौथो बलमा सबै विकेट गुमाएर एक सय ३२ रन बनायो ।

गण्डकी प्रदेशका लागि करन पंगेनीले २७ बलमा एक चौका र पाँच छक्का हान्दै ४५ रन बनाए । यस्तै सिब्रिन श्रेष्ठले २४ बलमा एक चौका र पाँच छक्का प्रहार गर्दै ४५ रनको योगदान दिए । सन्दीप खत्री क्षेत्रीले नौ बलमा अविजित ३० रन बनाए । यस्तै मुस्कान थापामगरले २१ तथा रोहित चन्दले २० रन बनाए ।

बलिङतर्फ भुटानका थिन्ले जम्त्सोले चार, सोनाम येशेले दुई तथा नाम्गे थिन्लेले एक विकेट लिए ।

यसैगरी भुटानका लागि एक सय ३२ रन बनाउने क्रममा सोनाम छोपेलले सर्वाधिक ४३ रन बनाए । उनले २१ बलमा छ चौका र दुई छक्का प्रहार गरे । यस्तै ताशी दोर्जीले ३१, तेन्जिन राब्गेले २१ र थिन्ले जम्त्सोले १७ रन बनाए ।

बलिङतर्फ गण्डकीका विपिन खत्रीले चार, दीपकप्रसाद डुम्रेले तीन र सिब्रिन श्रेष्ठले दुई विकेट लिए । उक्त खेलमा गण्डकीका सिब्रिन श्रेष्ठ 'प्लेयर अफ दी म्याच' घोषित भए ।

भुटानले अब नेपाल क्रिकेट संघ (क्यान-११) सँग दुई खेल खेल्ने छ । भुटानको टोली आगामी अक्टोबरमा मलेसियामा हुने आइसीसी पुरुष टी-२० विश्वकपको एसिया उपक्षेत्रीय छनोट प्रतियोगिताको तयारी गर्न नेपाल आएको हो । विदेशी टोली पोखरामा क्रिकेट खेल्न आएसँगै यहाँको क्रिकेट विकासका साथै पोखरालाई अन्तर्राष्ट्रिय खेलकुद गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने गण्डकी प्रादेशिक क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना**

यस कार्यालयमा मिति २०७६।०२।०७ मा दर्ता भएको प्रा.लि.नं. २१५६१७ को **युरो किड्स् डे केयर सेन्टर** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७१/०५/२५ मा दर्ता भएको **प्रा. लि. नं. १२६४९५** को **संजिवनी बहुमुखी पोलिक्लिनीक** मुनाफा वितरण नगर्ने नामक कम्पनी यस कार्यालयको मिति २०८२/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्,
गोठाटार शाखा, कागेश्वरी मनोहरा , काठमाडौं ।
सम्पर्क फोन: ९७७-०१४९९२०९२

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पतीस) दिने सूचना**

लिखितम् श्री भैरव बहादुर श्रेण्ठको नाति, पदम लाल श्रेण्ठको छोरा, बागमती प्रदेश काठमाडौ जिल्ला, कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ बस्ने ७३ वर्षको श्री प्रेम बहादुर श्रेण्ठको मिति २०८३/०१/२८ (ई.सं. ११/०५/२०२६) मा मृत्यु भएकोले स्व. प्रेम बहादुर श्रेण्ठकी पत्नी हाल कागेश्वरी मनोहरा नगर पालिका वडा नं. ७ बस्ने श्रीमती छत्र कुमारी श्रेण्ठले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको गोठाटार शाखा, कागेश्वरी मनोहरा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

29 YEARS OF DOING MORE...

कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, उदयपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !**

प्रकाशित मिति : २०८३-०६-१५ (01 October, 2026)

यस कार्यालयबाट मिति २०८३/०५/१७ गतेको प्रभाव दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन समितिको सिफारिश अनुसार देहायको उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र औषत मूल्याङ्किकत बोलपत्र रकमसँग सबैभन्दा नजिक रहेको र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा १, २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र दाताको नामक | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| 01/VHLSEC/ UDP/Goods NCB/2083-84 | The Procurement (Supply and Delivery) of Vaccine Logistics | श्री एभरेष्ट सर्जिकल एण्ड ल्यावोरटरी कन्सर्न, काठमाडौं । | २६,९०,३४८।५५ (अक्षेरेपी छब्बीस लाख नब्बे हजार तीन सय अड्चालीस पैसा पचपन्न मात्र) |

वरिष्ठ पशु विकास अधिकृत

**युएइमा रोजगार**
कम्पनी : Ink Green General Contracting Sole Proprietorship LLC
पूर्व स्वीकृति मिति : २०८३/०६/१२ LT. No. 348525 चलानी नं. ६०२६१८८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 15 | 0 | 1500 | ६२,७४८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | BLDG. ELECTRICIAN | 17 | 0 | 1500 | ६२,७४८ | | | | | | | |
| 3 | SCAFFOLDER | 1 | 0 | 1500 | ६२,७४८ | | | | | | | |
| 4 | helper /labourer / ceramic worker /building worker | 2 | 0 | 1500 | ६२,७४८ | | | | | | | |
| 5 | Blacksmith worker | 15 | 0 | 1500 | ६२,७४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज २२ गते (8th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 1763/081/082
**R.B. WHITE AND BLUE CONSULTANTS PVT.LTD.**
pingalasthan-9, Kathmandu, Nepal, Contact: 015927843, E-mail : rbwhiteandblueoverseas@gmail.com

**युएइमा रोजगार**
कम्पनी : SOVA SPA LADIES SALOON
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 348717 चलानी नं.६०२६१९०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 0 | 2 | 1500 | ६२,७४८ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdesser | 0 | 1 | 1500 | ६२,७४८ | | | | | | | |
| 3. | Manicurist | 0 | 4 | 1500 | ६२,७४८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज २२ गते (8th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1726/081/082
**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**मलेसियामा रोजगार**
कम्पनी : FIRST ONE RESTAURANT SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/१२/२२ पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 340411 चलानी नं. ६०२५३८२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Staff | 15 | 0 | 1700 | ६३,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज २२ गते (8th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

**युएइमा रोजगार**
कम्पनी : KARAK ALA DARBK CAFETERIA - BRANCH
पूर्व स्वीकृति मिति : २०८२/04/07 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 327510 चलानी नं. ६०२४१३९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 27 | 0 | 1000 | ४१,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License No. 1047/073/74
**YOUNG MANPOWER PVT.LTD. (PUJAN H. R. SERVICE)**
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816, +9779801309349 Deeya Sadashankar
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np

**युएइमा रोजगार**
कम्पनी : ALBORZ TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 348715 चलानी नं. ६०२६१९१५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONCRETE MASON | 3 | 0 | 1500 | ६२,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज २२ गते (8th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**MANISPOWER OVERSEAS EMPLOYMENT AND PROMOTER PRIVATE LIMITED**
Kathmandu, Nepal, Tel: 01-4547203/04, Umesh Thapa 9841251569
E-mail : contact@mipjobs.com, Web: www.mipjobs.com
Govt. License No. 1694/081/082

**कुवेतमा रोजगार**
कम्पनी : MALLORCA CAFE
पूर्व स्वीकृति मिति : २०८३/०६/१२ LT. No. 348585 चलानी नं. ६०२६१५९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Waiter | 10 | 0 | 120 | ५९,७०१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER/HELPER | 5 | 0 | 100 | ४९,७५१ | | | | | | | |
| 3 | Kitchen Helper | 4 | 0 | 120 | ५९,७०१ | | | | | | | |
| 4 | Waitress/Server | 0 | 0 | 150 | ७४,६२७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज २२ गते (8th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं.१७५१/०८१/०८२
**SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.**
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Con; 9809465314,9860291781,9820565314 ,Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

**कुवेतमा रोजगार**
कम्पनी : City Group General Trading Company
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 348725 चलानी नं. ६०२६१८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 140 | ६९,५६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (Heavy) | 10 | 0 | 170 | ८४,४७१ | | | | | | | |
| 3 | Indoor Cleaners | 15 | 10 | 110 | ५४,६५८ | | | | | | | |

कम्पनी : BOB STEELE LADIES BEAUTY SALON CO.
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 348768 चलानी नं. ६०२६१८८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/Hair Stylist | 0 | 4 | 150 | ७४,५३४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | NAIL ARTIST | 0 | 4 | 150 | ७४,५३४ | | | | | | | |
| 3 | Manicure & Pedicure Beautician | 0 | 4 | 150 | ७४,५३४ | | | | | | | |
| 4 | Cleaner I | 0 | 2 | 120 | ५९,६२७ | | | | | | | |

कम्पनी : Aryam Alahlia General Trading and Contracting Company
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 348770 चलानी नं. ६०२६१८८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/Hair Stylist | 0 | 4 | 150 | ७४,५३४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | nail technicial(Manicurist/Pedicurist) | 0 | 4 | 150 | ७४,५३४ | | | | | | | |
| 3 | beautician/manicurist | 0 | 4 | 150 | ७४,५३४ | | | | | | | |
| 4 | Cleaner I | 0 | 2 | 120 | ५९,६२७ | | | | | | | |

कम्पनी : Roots Style Ladies Salon
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ LT. No. 348724 चलानी नं. ६०२६१८८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 2 | 100 | ४९,६८९ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dresser | 0 | 3 | 150 | ७४,५३४ | | | | | | | |
| 3 | DRIVER LIGHT | 1 | 0 | 150 | ७४,५३४ | | | | | | | |
| 4 | makeup artist | 0 | 1 | 150 | ७४,५३४ | | | | | | | |
| 5 | MANICURIST/PEDICURIST | 0 | 3 | 150 | ७४,५३४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असोज २२ गते (8th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# राष्ट्रसंघीय प्रमुखले गरे आणविक निशस्त्रीकरण प्रयासको आह्वान



**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले मंगलबार आणविक हतियार मुक्त विश्वतर्फ नयाँ बाटो बनाउने प्रयास गर्न आह्वान गरेका छन् । 'आणविक निशस्त्रीकरण कुनै पक्ष होइन, यो पूर्वनिर्धारित सन्धिअन्तर्गत बाध्यकारी कानुनी दायित्व हो,' उनले आणविक हतियारको पूर्ण उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस मनाउन आयोजित उच्चस्तरीय बैठकमा भने ।

आणविक हतियार भण्डारण गरेका राष्ट्रहरूले आणविक हतियारको प्रयोग रोक्न वार्तामा फर्कनुपर्ने बताउँदै उनले अर्को आणविक हतियारको दौड रोक्नका लागि विश्वव्यापी रूपमा दशकौं पुरानो प्रक्रियालाई कायम राख्नु आवश्यक रहेको उल्लेख गरेका छन् ।

